

श्री
मा
नि





# श्रीमानिग्ल

## (ललितपुर दरबार)


नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

पुरातत्त्व विभाग

**स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय**

**मंगलबजार, ललितपुर**

# श्रीमानिग्ल

**लेखकः** प्रकाश खड्का

**सम्पादकः** सन्दिप खनाल
शारदा शिवाकोटी

**प्रकाशकः** स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय, मंगलबजार, ललितपुर
फोन नं.: ०१-५५२२०२१

**प्रकाशित संख्याः** ३०० प्रति

**संस्करणः** वि.सं. २०७७

**तस्बीरहरूः** चन्द्रशेखर कार्की (आवरण पृष्ठसहित)

**आवरण पृष्ठ (भित्री)ः** नेपाल उपत्यका संरक्षण कोष (KVPT)

**सर्वाधिकारः** स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय, मंगलबजार, ललितपुर

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
**पुरातत्त्व विभाग**

E-mail: info@doa.gov.np
website: www.doa.gov.np

पत्र संख्या - ०७६/०७७

# शुभकामना सन्देश

स्मारक दरबार हेरचाह कार्यालयले ललितपुर दरबार क्षेत्रका प्राचीन स्मारकहरूको विद्यमान अवस्था सम्बन्धी अभिलेख प्रकाशन गर्न लागेको खबरले ज्यादै खुशी बनाएको छ । प्राचीन स्मारकको अवस्थितिको हिसाबले पाटन दरबार क्षेत्र काठमाडौँ उपत्यकाको महत्त्वपूर्ण केन्द्रका रूपमा रहेको छ । वि.सं २०७२ वैशाखको भूकम्पपछि पाटन दरबार क्षेत्रका ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्त्विक स्मारकहरू पनि अछुत रहन सकेनन् । यस्तो विषम परिस्थितिमा हामीले सम्पदाहरूको पुनर्निर्माण, जीर्णोद्धार र संरक्षण कार्य गर्न विशेष महत्त्वका साथ यस क्षेत्रलाई प्राथमिकतामा राख्यौँ । आज त्यसको प्रतिफल नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, ललितपुर महानगरपालिका, स्थानीय जनसमुदाय, सम्बद्ध सरोकारवाला निकायहरू र पुरातत्त्व विभागको सामूहिक प्रयत्नबाट हामीले पाटन क्षेत्रका सम्पदाहरूलाई पुर्खाको नासो जस्ताको तस्तै, दुरुस्तै भोलिको पुस्ताका लागि हस्तान्तरण गर्ने कार्यमा सफल भएका छौँ । बाँकी रहेका सम्पदाहरूको पुनर्निर्माण, जीर्णोद्धार र संरक्षण कार्य समेत यथाशीघ्र सम्पन्न गरिनेछ ।

यस प्रकाशनले पाटन दरबार क्षेत्रका सम्पदाहरूको विद्यमान अवस्था, ऐतिहासिक पक्ष, सांस्कृतिक महत्त्वसहित पर्यटन प्रवर्धनमा समेत सघाउ पुर्‍याउने विश्वास लिएको छु । निकै कर्तव्यशील भएर खटिएको दरबार हेरचाह कार्यलयले कोरोना भाइरस (कोभिड १९) का बेलामा समेत गर्न लागेको संरक्षण तथा प्रकाशन कार्यले पुरातत्त्व विभागलाई समेत गौरवान्वित बनाएको छ । यस प्रकारका सिर्जनात्मक कार्यहरू यस विभाग मातहतका अन्य कार्यालयहरूले समेत अनुकरण गर्ने अपेक्षा राखेको छु । यस प्रकाशनको प्रशंसा गर्दै प्रकाशक संस्थालाई हार्दिक आभार प्रकट गर्न चाहान्छु ।



दामोदर गौतम
**महानिर्देशक**
पुरातत्त्व विभाग

# प्राक्कथन

### १. पृष्ठभूमि

पौराणिक साहित्य तथा किंवदन्ती अनुसार ललितपुरको इतिहास मा किरातकालसम्मको प्राचीनता छ । ललितपुर दरबारको सेरोफेरोमा लिच्छविकालदेखिका अभिलेख-प्रमाण, मूर्तिकला-प्रमाण, स्थापत्य (ढुंगेधारा, चैत्य)-प्रमाणहरू पाइन्छन् । मध्यकालमा निर्माण भएका स्मारक (मन्दिर, पाटी, सत्तल, बहा, बहिल, दरबार)हरू वर्तमानमा पनि जीवन्त छन् ।

परम्परागत ललितकलाका लागि ललितपुर विश्व प्रसिद्ध छ । चित्रकला, मूर्तिकला, शिल्पकला, काष्ठकला र स्थापत्यकलामा पाटनको विशिष्ट स्थान छ । यहाँ शिल्प मात्रै छैन, शिल्पकार पनि छन् । आधुनिक नेपालको इतिहासमा सबैभन्दा बढी रैथाने कालिगढ भएको सहरका रूपमा पाटनको अग्रस्थान छ ।

### २. विश्व सम्पदा सूचीकृत ललितपुर दरबार क्षेत्र

युनेस्कोले ई.सं. १९७९ बाट विश्व सम्पदा क्षेत्रमा सूचीकृत सम्पदामा काठमाडौँ उपत्यका अन्तर्गत पाटन दरबार क्षेत्र पनि समावेश भएको छ । विश्व सम्पदा स्थलमा सूचीकृत हुनुको गौरवले एकातिर पुर्खाको सांस्कृतिक नासोलाई जस्ताको तस्तै भविष्यका सन्ततिहरूमा सुम्पने दायित्व छ भने अर्कोतिर दीर्घकालिक संरक्षण गर्नुपर्छ भन्ने सन्देश सञ्चार गरेको छ । प्राचीन चित्रकला, मूर्तिकला, वास्तुकलाको अद्वितीय स्रोतभण्डार रहेको पाटन विश्वभरिका पर्यटकको गन्तव्य भएको छ ।



### ३. पर्यटन गन्तव्य

विश्व पर्यटक आगमन तथा आकर्षणका हिसाबले काठमाडौँ उपत्यकामा ललितपुर दरबार अग्रणी छ । ई.सं. २०१९ मा यस क्षेत्रमा २ लाख ५० हजारभन्दा बढी पर्यटकले भम्रण गरेका थिए । विशेषतः सांस्कृतिक रसास्वादनको लागि विश्वका पर्यटकहरू पाटनको भूमिमा पाइला टेक्दछन् । परम्परागत कला होस् या वास्तुकला, दृश्यावलोकन होस् या अन्वेषण, ऐतिहासिक जात्रा हुन् या परम्परागत संस्कृति होस् या जीवनशैली आदि पर्यटनका धेरै अयवहरू एकै थलो पाटनमा पाइन्छन् । शान्त, सुविधाजक तथा पर्यटनमैत्री वातावरणका साथ खुला सांस्कृतिक संग्रहालयका रूपमा रहेको यस क्षेत्रबाट विश्वभरका पर्यटकहरूले आनन्द लिएका छन् । आन्तरिक पर्यटकका लागि पनि पाटन दरबार क्षेत्र आकर्षणको केन्द्र रहेको छ ।

### ४. ललितपुर दरबार स्मारक संरक्षण कार्यक्रम

वि.सं. २०१९ मा ललितपुर दरबारलाई जीवन्त राख्न तथा सर्वसाधारणका लागि खुला गर्ने उद्देश्य अनुरूप संग्रहालयमा परिणत गरिएको थियो । विश्व सम्पदास्थल ललितपुर दरबार क्षेत्रको ऐतिहासिक, पुरातात्त्विक, सांस्कृतिक र कला वास्तुकलाको महत्त्व तथा युनेस्को सम्पदा संरक्षण महासन्धिको मूल मर्मलाई दृष्टिगत गरी वि.सं. २०४१ मा ललितपुर

दरबार क्षेत्रलाई नेपाल सरकारले संरक्षित स्मारक क्षेत्र घोषणा गरेको थियो । त्यसै अनुरूप यस क्षेत्रका स्मारकहरूको नियमित संरक्षण गर्नका लागि स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय स्थापनाकालदेखि कार्य गर्दै आइरहेको छ । विकास समिति ऐन, २०१३ को दफा ३ बमोजिम वि.सं. २०५३ मा पाटन संग्रहालय विकास समितिको स्थापना भएको थियो । नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय पुरातत्त्व विभागले पाटन दरबार संरक्षित स्मारक क्षेत्रमा हुने संरक्षण एवं निर्माण सम्बन्धी मापदण्ड २०६४ लागू गरको छ ।

**पूर्व-** **चकबहिल बालकुमारीस्थानदेखि उत्तर हःखा, छुसिका गल्ली, भण्डारखाल पर्खालसँगैको गल्ली बाटो र ज्येष्ठवर्ण महाविहार हुँदै क्वाल्खो वलखुगणेशस्थानसम्म ।**

**पश्चिम-** **इखालखु चौबाटोदेखि उत्तर महापाल, क्वाल्खु, ढलायचा बाटो हुँदै नागबहाल ढोकाबाट नागबहालको ढुंगेधारासम्म ।**

**उत्तर-** **वलखुगणेशदेखि पश्चिमी गल्ली बाटो हुँदै गजेन्द्रमोक्षनारायण, स्वठनारायण, ग्वाछे गल्ली, भतापोल गणेशस्थान र गणेशस्थान अगाडिको बाटो हुँदै नागवहाल निस्कने ढुंगेधारासम्म ।**

**दक्षिण-** **चौबाटोदेखि पूर्व विश्वकर्मा मन्दिर हुँदै हौगल, टंगलको मूल सडकबाट चकबहिल बालकुमारी स्थानसम्म ।**

बढ्दो आधुनिकीकरण, विकासक्रबाट स्मारकहरूको मौलिकता तथा वातावरणमा निम्तिरहेको परिस्थितिलाई दृष्टिगत गरी नेपाल सरकारले ललितपुरको विश्व सम्पदा क्षेत्रलाई प्राचीन स्मारक संरक्षण ऐन २०१३ बमोजिम उपर्युक्त अनुसारको क्षेत्रलाई पाटन दरबार संरक्षित क्षेत्र वि.सं. २०४१ श्रावण १५ मा राजपत्रमा प्रकाशित भएको थियो । संरक्षित क्षेत्रको प्राचीनता, मौलिकता र स्वच्छ वातावरण कायम राख्नका निम्ति नेपाल सरकारले संरक्षित स्मारक घोषित क्षेत्रहरूको व्यवस्थासम्बन्धी निर्देशिका, २०४१ समेत लागू गरेको थियो । यस निर्देशिकाले संरक्षित क्षेत्रमा परम्परागत शैलीका घर निर्माण गर्दा, पुरानो घर मर्मत, पुनर्निर्माण आदि कार्य गर्दा सम्बद्ध व्यक्तिले सम्बद्ध नगरपालिकामा पेश गरेको नक्सामा पुरातत्त्व विभागले शिफारिस गर्ने व्यवस्था गरेको थियो ।

### ५. संरक्षणको अपरिहार्यता

प्राचीन समयदेखि जीवन्त रहेका ललितपुर दरबार क्षेत्रका स्मारकहरू वि.सं. २०७२ को भूकम्पबाट अति प्रभावित भए । ऐतिहासिक तथा पुरातात्त्विक महत्त्वका अधिकांश स्मारकहरू संवेदनशील अवस्थामा पुगे । यति भयानक भूकम्प-प्रकोपबाट भएको अस्वाभाविक सांस्कृतिक नोक्सानीका बावजुद नेपाल सरकार, पुरातत्त्व विभाग, ललितपुर महानगरपालिका, स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय ललितपुर, काठमाडौँ उपत्यका संरक्षण कोष (KVPT), नेपाली सेना, नेपाल प्रहरी, स्थानीय जनसमुदायसहित सम्बद्ध सम्पूर्ण सरोकारवाला निकायहरूको साझा सहकार्य, समन्वय तथा हातेमालोमा ललितपुर दरबार क्षेत्रका स्मारकहरूको संरक्षण कार्यमा उल्लेखनीय सफलता प्राप्त भएको छ । कोरोना संक्रमणकालले थोरै हलचल ल्याए पनि हाम्रो सम्पदा संरक्षण अभियान रोकिएको छैन । संरक्षणका अभ्याससहित ललितपुरका प्राचीन स्मारकहरूको विद्यमान अवस्थालाई जस्ताको तस्तै प्रस्तुत गर्ने चेष्टा स्वरूप यस प्रकाशनको प्रारूप तयार भएको छ ।

प्राचीन स्मारकहरूको संरक्षण प्रवर्धन तथा प्रकाशन कार्यका लागि

अभिभावकीय भूमिका निर्वाह गरिदिनु हुने पुरातत्त्व विभागका महानिर्देशक दामोदर गौतमज्यूलाई हार्दिक आभार प्रकट गर्दछु। प्रकाशन कार्यमा अभिप्रेरणा दिनुहुने पुरातत्त्व विभागका प्रमुख पुरातत्त्व अधिकृत रामबहादुर कुँवर तथा प्रमुख छविकार मीनकुमार शर्मालाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। इतिहास विषयक विविध जानकारी एवं अमूल्य सुझावका लागि प्रा. दिनेशराज पन्त तथा प्रा.डा. प्रेमकुमार खत्रीज्यूप्रति विशेष आभारी छु। ललितपुर दरबार क्षेत्रका संरक्षित स्मारकको संरक्षणकार्यमा महत्त्वपूर्ण जिम्मेवारी वहन गरिहनुभएका एवं यस प्रकाशनको निमित्त सामग्री उपलब्ध गराउन सहयोग गर्नुहुने काठमाडौँ उपत्यका संरक्षण कोष (KVPT)का कार्यकारी निर्देशक रोहित कुमार रञ्जितकारलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। दुईमाजु मन्दिरको लिखत उपलब्ध गराइदिनुभएका गुठी संस्थान अभिलेख शाखा भद्रकालीका प्रमुख राजेन्द्र दाहालप्रति आभारी छु। प्रस्तुत पुस्तकको प्रारूप निर्माण गर्न सामग्री लेखन तथा संकलनमा अन्वेषक प्रकाश खड्का, सम्पूर्ण तस्बिरहरूका निमित्त वरिष्ठ छविकार चन्द्रशेखर कार्की र वातावरणीय अध्ययनमा दीपा प्रधान र स्थानीय ज्ञान तथा समन्वयका लागि कलाकार उत्तम डंगोलप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु। यस प्रकाशन कार्यका लागि खटिनुभएका संग्रहालय अधिकृत शारदा शिवाकोटीसहित समस्त स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय ललितपुरपरिवारप्रति हार्दिक आभार प्रकट गर्दछु।


सन्दिप खनाल

**प्रमुख**

स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय

मंगलबजार, ललितपुर




# विषयक्रम


| | | |
|---|---|---|
| ऐतिहासिकता | | १ |
| १. | दरबार वास्तुकला | ८ |
| | १.१ केशवनारायण मन्दिर | १० |
| | १.२ देगुतलेजु मन्दिर | १२ |
| | १.३ तलेजु मन्दिर | १४ |
| | १.४ तलेजु आगमछेँ | १६ |
| | १.५ दुईमाजु मन्दिर | १७ |
| | १.६ केशवनारायणचोक | १८ |
| | १.७ नासलचोक | २० |
| | १.८ मूलचोक | २२ |
| | १.९ सुन्दरीचोक | २४ |
| | १.१० तुसाहिटी | २६ |
| | १.११ पोखरी तथा लोहिटी | २८ |
| | १.१२ भण्डारखाल बगैँचा | ३० |
| २. | मन्दिर | ३२ |
| | २.१ हरिशङ्कर मन्दिर | ३२ |
| | २.२ चारनारायण मन्दिर | ३३ |
| | २.३ कृष्ण मन्दिर | ३४ |
| | २.४ भीमसेन मन्दिर | ३६ |
| | २.५ विश्वनाथ मन्दिर | ३७ |
| | २.६ मणिगणेश मन्दिर | ३८ |
| | २.७ महाबुद्ध मन्दिर | ३९ |
| | २.८ मच्छिन्द्रनाथ मन्दिर | ४० |
| | २.९ कुम्भेश्वर मन्दिर | ४२ |
| | २.१० मीननाथ मन्दिर | ४४ |
| | २.११ मणिमण्डप | ४५ |
| ३. | महाविहार | ४६ |
| | ३.१ रुद्रवर्ण महाविहार | ४६ |
| | ३.२ हिरण्यवर्ण महाविहार | ४८ |
| ४. | हिटी | ५० |
| | ४.१ मङ्गलहिटी | ५० |
| | ४.२ कुम्भेश्वरहिटी | ५२ |
| | ४.३ मिसाहिटी | ५४ |
| | ४.४ टँग:हिटी | ५५ |
| | ४.५ च्यासलहिटी | ५६ |
| | ४.६ नारायणहिटी | ५८ |
| | ४.७ सुनधारा | ६० |
| सन्दर्भ सामग्री | | ६१ |



ने.सं. ७८६ (वि.सं. १७२३) श्रीमानिग्लाधिपति महाराजाधिराज श्रीश्रीजयनिवास मल्लदेव प्रभु ठाकुरले महानवमीका दिन श्री ३ परमेश्वरीको पुण्य गर्नाको लागि मूलचोक एवं मूलचोकका बीचभागमा श्री ३ इष्टदेवता श्रीयन्ताजुको लागि सुनको देवल बनाउनलाई प्रतिष्ठा गरिएको बेहोराको सुर्वणपत्र

# ऐतिहासिकता

ललितपुरका यूपग्राम, यूपग्रामद्रङ्ग, यल, ललितपत्तन, मणिगल, मानिग्ल, ललितपुरी, ललितब्रु प्राचीन नामहरू हुन् । ललितपुरमा किरातहरूको राजदरबार (राजधानी) थियो भन्ने किम्वदन्ती छ। नेपाल उपत्यकाका तीन शहरमध्ये ललितपुर नेपालको प्राचीन राजधानी रहेको थियो ।[१] देउपाटनको मानदेवको पालाको रत्नसंघको संवत् ३९९ (वि.सं. ५३६) आषाढशुक्ल दशमीको अभिलेखमा, पशुपति भस्मेश्वरको संवत् ४५५ (वि.सं. ५९०) चैत्रशुक्ल दशमीको ध्रुव संघको अभिलेखमा र मङ्गलहिटीको भारविको संवत् ४९२ (वि.सं. ६२७) वैशाखशुक्ल त्रयोदशीको अभिलेखमा **यूपग्राम** उत्कीर्ण भएको छ ।[२] यूपग्रामद्रङ्ग इलाकाको आसपासमा वनदुर्ग थियो भन्ने संकेत पाइन्छ ।[३] हिमालयको काखमा रहेको वाग्वती नदीले सिञ्चित नेपाल उपत्यका प्राचीनकालदेखि नै मूर्तिकलाको उर्वर क्षेत्रमा रहँदै आएकोमा वर्तमान ललितपुर शहर यस क्षेत्रको पनि केन्द्रस्थलका रूपमा रहेको पाइन्छ ।[४] कलाप्रति बढी झुकाव भएको सुन्दर शहर भएको हुँदा यस शहरले ललितपुर भन्ने संज्ञा पाएको देखिएको छ ।[५] मध्यकालमा नेपाल उपत्यकाका तीन राज्यमा भक्तपुरको शासनमा प्रजाको हात, कान्तिपुरको शासनमा राजाको हात र ललितपुरको शासनमा मन्त्रीहरूको हात भन्ने कुरा प्रसिद्ध छ ।[६]

१ बाबुराम आचार्य २०५४ : १२३ ।
२ धनवज्र वज्राचार्य २०६८ : ५१, १५५-५६, २०९ ।
३ धनवज्र वज्राचार्य २०६८ : ५४४-४५ ।
४ बाबुराम आचार्य २०५४ : ९० ।
५ धनवज्र वज्राचार्य २०६८ : ७ ।
६ महेशराज पन्त २०७७: ७ ।

**मानगृहको विषय**

राजा मानदेवका नाति महीदेवका छोरा राजा वसन्तदेवको संवत् ४२८ (वि.सं. ५६३) मार्गशुक्ल प्रतिपदाको थानकोट आदिनारायणको अभिलेखमा पहिलोपल्ट राजकीय स्थानको नाम मानगृह उल्लेख छ ।

लिच्छविकालका कुनै अभिलेखहरूमा पनि मानगृह राजभवन रहेको ठाउँको स्थलनिर्देशन गरिएको छैन । न त यूपग्राम कहाँ रहेको थियो भन्ने संकेत नै त्यति बेलाका शिलालेखहरूमा गरिएको पाइन्छ । ऐतिहासिक बाबुराम आचार्यले संकेत गरेअनुरूप वर्तमान पाटन शहरको पूर्वीभाग लिच्छविकालको प्रारम्भमा यूपग्राम नामले प्रसिद्ध रहेको र यस ग्रामले शहरको रूप धारण गर्दै आएपछि त्यसको पश्चिमी भेगमा मानगृह नामक नयाँ राजभवनको निर्माण गराइएको प्रतीत हुन्छ । वर्तमान पाटन दरबारको नजीकका नामहरूमा मग्ल वा मङ्गल-टोल, मग्लहिटी वा मङ्गल-हिटी, मग्ल-बजार वा मङ्गलबजार, मग्ल-गणेश वा मङ्गल-गणेश, मग्ल-मण्डप वा मणि-मण्डप, मग्ल-कुमार वा मणि-कुमार र मग्ल-भट्ट वा मङ्गल-भट्ट, मानगृह निर्धारणका आधार भएर रहेका छन् ।[७] मानगृह शब्दबाट अपभ्रंश भएर मानिग्ल/मानिगल/मनिग्लक/मणिगल हुन गएको यस राज्यका अधिपति अर्थात् राजालाई मानिग्लाधिपति भनिएको पाइन्छ ।[८] योगी नरहरिनाथले पनि मानिग्ललाई राजा मानदेवले बनाएको मानगृह नै

७ बाबुराम आचार्य २०६३ : १८६-१८९ ।
८ बाबुराम आचार्य २०६३ : १८६-१८९ ।

मानेका छन् ।[९]

भृङ्गारेश्वर (सुनाकोठी) को भीमार्जुनदेव र विष्णुगुप्तको संवत् ६५ तदनुसार वि.सं. ६९८ को अभिलेखसम्म मानगृह अस्तित्वमा रहेको देखिन्छ । लिच्छवि राजा मानदेवले बनाउन लगाएको प्रसिद्ध दरबार मानगृहको अपभ्रंश भई माणिग्वल, मनिगल आदि रूप देखा परेको हुन कि भन्ने प्रसंगमा धनवज्र वज्राचार्यले मानगृहको अपभ्रंश मणिग्वल बनेको नभई बस्तीविशेषलाई जनाउने ग्वल शब्द लिच्छविकालिक यूग्वल, तेग्वल, गीग्वल स्थानहरूमा समेत प्रयोग भएको सङ्केत गर्नुभएको छ ।[१०]

मानिग्लको प्राचीन सिमाना पूर्वदिशामा दीपवती नगर (गुइतयेल), पश्चिम दिशामा मैत्रीनगर मतिको (लगनखेल), पश्चिम दिशामा शिलापुर दानागिरि (पुलचोक), उत्तरदिशामा ललिताण्य (कुम्भेश्वर) सम्म रहेको थियो ।[११]

मणिचैत्य, मणिधारा, मणिकुण्ड, मणिगुफा, मणिभैरव, मणिगणेश, मणिकुमार, मणिमण्डप, मणिमती आदिबाट सुशोभित स्थान भएकोले नै यस पाटन शहरका राजप्रसादको नाउँ समेत मणिगल, माणिगल (मङ्गलबजार अर्थात् ललितपुर दरबार) भनी प्रसिद्ध हुन गयो ।[१२]

मानगृह कहाँनिर थियो भन्ने ठोस प्रमाण नपाइए पनि मनि/मणि/मगं शब्द दरबार, गणेश, कुमार, मण्डप हिटी र बजारको नामसँग जोडिएको हुँदा मानगृह वर्तमान ललितपुर दरबार रहेकै क्षेत्रमा थियो कि भन्ने सम्भावना प्रतीत हुन्छ ।

गुणकामदेवका छोरा भोजदेवले ८ वर्ष शासन गरे, भोजदेवका छोरा लक्ष्मीकामदेवले २२ वर्ष राज्य गरे । बाजे गुणकामदेवले कुमारीहरूको सहायताले धेरै धन कमाएका र चारैतिर विजय गरेकाले लक्ष्मीकामदेवले पनि यस्तै गर्ने विचार गरेँ । यही सोच लिएर लक्ष्मीकामदेव पाटन दरबार गए ।[१३]

मानदेव चतुर्थले ललितपुरमा शासन गरेको र नयाँ दरबार, विहार बनाएको देखिन्छ ।[१४]

**मानिगल**

**प्रासादैश्च हिरण्यतुंगकलशैगेपिनिसि तोरणै**
**ननिकृत्तिमपुत्रिकातिललितैर्वातायनैः प्रोज्ज्वलैः ।**
**श्रीमन्मंडपमंडितांगनवरैरम्येष्टिकाकुट्टिमैः**
**सत्यैश्च प्रविराजते मणिगलो देवैर्वुषापूरवि ।।८७।।**

**अग्ला अग्ला सुनौला कलशहरूले राम्रा छानाहरूले र तोरणहरूले नाना प्रकारका कठपुतलीहरूले, झ्यालहरूले, श्रीसम्पन्न मण्डपहरूले मण्डित अद्भुत आँगनहरूले, राम्रा ईँटका पटांगिनीहरूले र भूईंहरूले सभ्यहरूको मणिगल=मानगृह देवताहरूको अमरावती जस्तो छ।।८७।।**[१५]

**मणिनाग मानदेवले बनाएका मानगृह (मणिगल) दरबारमा ऐतिहासिक मणिनाग नामको सुन्दर मूर्ति नित्य निरूपम छविले विराजमान छ। नाना नागहरूका वासुकीझैं पासमा बसेका नागहरूका मुखले नारायणलाई पूर्वजका अंशजस्ता मणिनागराज पृथ्वीतलमा**

९ कुनु शर्माको कीर्तिपताका २०१८ : २४-२५ ।
१० धनवज्र वज्राचार्य २०६८ : ७ ।
११ हेमराज शाक्य २०३३ : ४ ।
१२ हेमराज शाक्य २०३३ : २६ ।

१३ दिनेशराज पन्त २०३०: १३३ । पूर्णिमा, ३० पूर्णाङ्क नेपाली भाषामा लेखिएको वंशावली ड्यानियल राइटको हिस्ट्रि अफ् नेपाल्मा गरिएको अङ्ग्रेजी अनुवादको नेपाली प्रत्यनुवाद ।
१४ ज्ञानमणि नेपाल २०६२ : २६ ।
१५ कुनु शर्माको कीर्तिपताका २०१८ : ८५ (मूलपाठ) र २४ (अनुवाद)।

**देदीप्यमान छन् ।।८८।।**[१६]

मणिग्वल शब्दको पहिलो उल्लेख ललितपुर घाँयूबुको ने.सं. १०७ (वि.सं. १०४३) को अभिलेखमा प्राप्त हुन आएको छ । ललितपुरका स्वतन्त्र शासकहरूले गर्वसाथ लिने पदवीमा मणिग्लाधिपतिको प्रमुखता रहेको छ ।[१७]

ने.सं. ६७७ (वि.सं. १६१३) को ताडपत्रमा उल्लिखित **श्रीललितभूम्यां श्रीमनिगलदक्षिणस्थश्रीजेष्ठविहारयंकुलीमहापात्र श्रीमनिगलाधिपति श्रीश्रीविष्णुसिंहदेव ठाकुरसन प्रसाद**

ने.सं. ६७८ (वि.सं.१६१५) को ताडपत्रमा उल्लिखित **श्रीललितभूम्यां श्रीमनिगलदक्षिणस्थश्रीजेष्ठविहारश्रीचकुलिमहापात्र श्रीमनिगलाधिपति श्रीश्रीजयनरसिंहदेव ठाकुरसन प्रसाद**

ने.सं. ६८० (वि.सं. १६१७) को ताडपत्रमा उल्लिखित **श्रीललितपुरम्यां श्रीमनिग्लाधिपतय श्रीश्री जय नरसिंहदेव ठाकुरसन श्रीश्री जयपुरन्दरसिंहदेव ठाकुरसन श्रीश्री जयउद्धवसिंहदेव ठाकुरसन प्रसाद**

ने.सं. ६८७ (वि.सं. १६२२) को ताडपत्रमा उल्लिखित **श्रीमनिगलाधिपति श्रीश्रीजयनरसिंहदेव ठाकुर**

ख्वाबहिल ठूलो चिबहालको भित्र भूइँमा गाडिएको ने.सं. ७३४ (वि.सं. १६७१) को अभिलेखमा उल्लिखित **मानिग्लाधिपति ... शिवसिंहदेव प्रभु ठाकुर**

यंपिथुर चैत्यको ने.सं. ७३५ तदनुसार वि.सं. १६७२ को शिलालेखमा उल्लिखित **श्रीमानिग्लाधिपति श्रीश्रीजयशिवसिंहदेव**

१६ कुनु शर्माको कीर्तिपताका २०१८ : २४-२५ ।

१७ धनवज्र वज्राचार्य २०६८ : ७ ।

अभिलेख अनुसार ने.सं. ६७७ (वि.सं. १६१३) का विष्णु सिंहदेवदेखिका अन्तिम राजा तेजनरसिंह मल्ल ने.सं. ८८८ (वि.सं. १८२५) सम्मका राजाहरूले मानिग्लाधिपतिको उपाधि लिनुलाई आफ्नो वैभव सम्झेका हुँदा मानिग्लको गुह्यरहस्य अन्वेषणको विषय बन्न गएको छ ।

**चौकोटदरबार**

चौकोट दरबार, चौक्वाठ दरबार, ललितपुर दरबार पाटन दरबार समानार्थी स्थानवाचक शब्दहरू हुन् । मध्यकालमा कान्तिपुरको राजदरबारको नाम हनूमान्ढोका, भक्तपुरको राजदरबारको नाम थंथु र ललितपुरको राजदरबारको नाम चौकोटदरबार थियो । ने.सं. ७५१ (वि.सं. १६८८) श्रावणकृष्ण पञ्चमीमा चौक्वाठमा नेपाल (उपत्यका) भरका संन्यासीहरूलाई भोज खुवाएका थिए । ने.सं. ७९६ (वि.सं. १७३३) वैशाखशुक्लमा श्रीनिवास मल्लले हतपात्रदेखि चौक्वाठसम्म दरबार बनाएका थिए । आफ्नो राज्यका प्रजासँग गुहार मागी संवत् ८५४ (वि.सं. १७९०) माघशुक्लदेखि आरम्भ गरी ३ महिनाभित्रमा अघि भएको दरबार भत्काई विष्णु मल्लले नयाँ दरबार बनाए । तात्कालिक टिपोट, भाषावंशावली र त्रिरत्नसौन्दर्यगाथामा उल्लिखित प्रमाणको आधारमा ऐतिहासिक धनवज्र वज्राचार्यले मध्यकालमा ललितपुर दरबारलाई चौक्काठ/चौक्वाठ वा चौकोट हो भन्ने सिद्ध गरेका छन् ।[१८] दरबारमा सुनको झ्याल भएको माथि ३ कुनामा रहेका ३ बुर्जाको आकृति र प्रकृति सुरक्षा किल्लाको रूपमा जीवन्त भएकोले, चारैतिर चार क्वाठ (किल्ला रूपका बुर्जा) भएकोले, ललितपुर दरबारको नाम चौकोट रहन गएको थियो ।[१९] १९ औँ शताब्दीका कवि सुन्दरानन्दले पनि ललितपुर दरबारलाई चौकोट भनेका छन् ।[२०]

१८ धनवज्र वज्राचार्य २०२१ : ४७-४९ ।

१९ धनवज्र वज्राचार्य २०२१ : ४९ ।

२० त्रिरत्न-सौन्दर्य-गाथा २०१९: १२४ ।

कुनु शर्माको कीर्तिपतामा ललितपुरको बारेमा देहायअनुसार वर्णन गरिएको छ-

**चोक - चौक राम्रा राम्रा झ्यालैझ्यालले, नाना रंगका चित्रहरूले, अनेकौं कृत्रिम पुतलीहरूले, उज्यालो दरबारका भित्री उत्तम घरहरूले, नारीहरूका नेत्ररूपी भमराहरूले ललित भएको त्यो सर्वतोभद्रमण्डप शोभित छ ।।१००।।**[२१]

**नेपाल भूमण्डलमा ललितपुरी नगरी छ । त्यो गाउँ, टोल, वन, देवलहरूले स्वर्गबाट ओर्लेजस्तो छ । पर्खाल, खाई, २६ टोलहरूले देदीप्यमान ललितपुर योगशास्त्रका पुरुष विशेष ईश्वर र सांख्यशास्त्रका २५ प्रकृतिसमेत २६ तत्त्वहरूको मूर्ति जस्तो सज्जनहरूको स्वभावले धारिएको छ ।।५।।**[२२]

**खाई = माछा, कछुवा, गँगटा, भ्यागुता, गोही, साँप, सिध्रा, जुका, बाम, गँडेल गँदिउला, शिशुमार, सिपी, शंख आदि अनेक प्रकारका कीराहरूको अति गहिरो खाई अँध्यारो पाता जस्तो दुवैतिरका अग्ला र घना रूख र लहराहरूका छायाले ढाकिराखेको छ ।।७।।**[२३]

**पर्खाल= अति उच्च एवं अद्‌भुत पर्खाल । जसको भयले भयानक शब्द गर्दै वेगले आएका शुक-आशुग बाणको समूह पनि फर्कन्छ । तिनै लोकको मन्थन गर्न सक्ने गरुड जस्ता तीखा आँखा भएका त त्यो पर्खाल नाघेर प्रवेश गर्न सक्तैनन् भने अरू भारेभुरे शत्रुको के कथा ।।८।।**[२४]

२१ कुनु शर्माको कीर्तिपताका २०१८ : २७-२८ ।
२२ कुनु शर्माको कीर्तिपताका २०१८ : २ ।
२३ कुनु शर्माको कीर्तिपताका २०१८ : २ ।
२४ कुनु शर्माको कीर्तिपताका २०१८ : ३ ।

**देशक्वाठ (किल्ला) - देशकोट - त्यस पर्खालका ठाउँठाउँमा बनेका राजाका युद्धका मोर्चाहरूको कथा । असारका महिनामा उठेका बादलहरू पनि जसका बुर्जामा चढिसक्तैनन् र रुन्छन् अर्थात् रुन्चे पानी बर्षन्छन् । बुर्जामा लागेका सुनौला कलशलाई सुमेरु पर्वत ठानेर वा राजाका प्रतापाग्निका ज्वाला सम्झेर निभाउन भनी वर्षा गर्छन् ।**[२५]

**ढोका (ध्वाका)** = ने.सं. ८७१ (वि.सं. १८०८) ज्येष्ठशुदि १३ मा राजा राज्यप्रकाश मल्लको पालाको ऐतिहासिक टिपोटमा ललितपुर प्रवेश गर्ने १८ वटा ढोकाहरूको नामावली दिइएको छ-

**१. जम ध्वाका २. कल्यबाहा ध्वाका ३. तेता ध्वाका ४. सचो ध्वाका ५. भोर ध्वाका ६. च्यासर ध्वाका ७. परं ध्वाका ८. पो ध्वाका ९. आरक्व ध्वाका १०. ञ ध्वाका ११. छायबाहा ध्वाका १२. चागल ध्वाका १३. तओ ध्वाका १४. चा ध्वाका १५. थबु ध्वाका १६. किनू ध्वाका १७. तक्षात्र ध्वाका १८. रुं ध्वाका ।**[२६]

उपर्युक्त ढोकाहरूको सुरक्षा प्रबन्धले ललितपुर दरबार क्षेत्र मजबुत किल्लाको रूपमा स्थापित थियो भन्ने निष्कर्ष निस्किन्छ ।

**टोल** = मध्यकालमा २६ वटा टोलहरू देदीप्यमान थिए-

**निगल टोल, खिम टोल, थत्ति टोल, तंग्निल टोल, एखालखु टोल, बहालुखा टोल, थंवु टोल, वह्तिवह्म टोल, ओल्ला टोल, गाडबाहाल टोल, स्वनिह्म टोल, नकबहिल टोल, दधलाय टोल, एलाछैं टोल, कोमती टोल, पुखुडी टोल, कोबाहाल टोल, सोथ भिलाक्षा टोल, यंवि ओमबहाल टोल, च्याश्र टोल, खपिन्छे टोल, नओत टोल, यलमुगल टोल, यंछु टोल, चलपोट टोल, दोपाल टोल, भँगीर टोल, दधलाक्षो**

२५ कुनु शर्माको कीर्तिपताका २०१८ : ३ ।
२६ छत्रबहादुर कायस्थ २०५३ : १९ ।

**टेल, नोग्ल टेल, सतिग्ल टेल, थंपात टेल, ह्लाग्ल टेल, हतिग्ल टेल, हतपाटल टेल, तवकेव टेल** ।[२७]

ललितपुर राज्य प्राचीन कालदेखि नै क्षेत्र धर्मचक्र (चक्राकार) किल्लामा रूपमा विकसित हुन पुगेको थियो भन्ने आधार **तेह्रौंते सैनिकले ललितपुरलाई घेरा हाल्ने र वि.सं. १३६७ माघवदि १४ का दिन किल्लाको द्वार खोलेर शहरभित्र प्रवेश गरे, मनिगल (मंगलबजार) दखल गरेर ललितपुर शहर सबै विनाश पारे, ललितपुरका ब्राह्मण र पात्रहरू पनि सबै कैद गरिए, किल्लाहरूमा आगो लाइदिनाले सबै ध्वस्त भए**बाट खुल्दछ ।[२८]

अहिले दरबार रहेको यस ठाउँमा पहिला हखुसी नदी बग्ने गरेको, पछि नदीमा ज्वाला बल्न थालेपछि बुद्ध विहार निर्माण गरेपछि देशमा ठूलो मङ्गल हुनेछ भन्ने ज्योतिषी आचार्यहरूको सल्लाहमा हखुसी बहाल (रत्नाकर महाविहार) को निर्माण भयो । कालान्तरमा यसै विहारको सँगसँगै क्रमशः ललितपुर राजदरबारको परिधि बढ्दै गएको हुनाले लक्ष्मीदेवको राज्यकालमा दथभ्यो टोल गाबाहालनेर स्थानान्तरणसहित राजाहरूकै सहयोगमा पुनर्निर्माण पुग्यो । जसको अद्यापि हखबहाल, हःबाहाल लक्ष्मीकल्याणवर्मसंस्कारित महाविहार भन्ने नाउँ प्रसिद्ध छ ।[२९] यसै अनुकरणसहित तामाको चारकुने भाँडामा पानीसहित बुद्धको मूर्ति राखी श्रावणको १ महिनामा गुँला धर्ममा मात्र भए पनि प्राचीन इतिहासको स्मृति अगाडि राखी प्रदर्शित गर्दै आइरहेको छ । ललितपुरमा बाहापूजा, मत्यापूजा, ओलापूजा गरिँदा यस ठाउँमा पनि भाग राख्नुपर्ने परम्परा आजसम्म कायमै छ ।[३०]

२७ कुनु शर्माको कीर्तिपताकाबाट उद्धरण गरिएको ।
२८ ज्ञानमणि नेपाल, २०६२ : १८४ ।
२९ हेमराज शाक्य २०३३ : २४-२५ ।
३० हेमराज शाक्य २०३३ : २५ ।

सूर्यवंशी राजा सिद्धिनरसिंह मल्लले नेपाली संवत् ७४८ मा वास्तुविधिपूर्वक आफू राजा हुनलाई ठूलो दरबार बनाई सुनको ढोका बनाई शोभायमान गरी साहेपालीचोक भनी नाउँ राखी आफू विराजमान गरे । सोही राजाले नेपाली संवत् ७६७ मा तुसालचोक दरबार बनाई सोही चोकमा बडो लक्षणसहित अनेक देवहरू ठाउँठाउँमा विराजमान गराई धेरै धन खर्च गरी बनाई ढोकाको दायाँ बायाँ गणेश नरसिंह हनूमान् स्थापना गरी रक्षा र शोभा गरिदिएका हुन् ।[३१]

ओकुबहाल महाबोधिगृहका शाक्यवंशी जोधाजुले ने.सं. ७८७ (वि.सं. १७२४) श्रावणकृष्ण अष्टमी बृहस्पतिवारमा दायाँ बायाँ कदम्ब वृक्ष र चन्द्रसूर्य अंकित झण्डा, शिरानमा फणायुक्त ९ वटा नागहरूसहित, भूइँमा हात्ती, हात्तीमाथि सिंहले थामेको, बीचमा उडिरहेको पंक्षीराज त्यसमाथि राजासनसहितको अभिलेख उत्कीर्ण सुवर्ण सिंहासन राजा श्रीनिवास मल्ललाई चढाएका थिए ।[३२] पाटनको प्रसिद्ध कृष्णमन्दिरमा प्रतिवर्ष ज्येष्ठपूर्णिमाका दिन यो सिंहासन प्रदर्शनीका लागि राखिन्छ ।

नेपाल उपत्यकाका ३ राज्यहरुमध्ये सबैभन्दा बढी राज्यसत्ता विद्रोह, शक्ति संघर्ष र महापात्रहरुको भूमिका प्रधान भएकाले समेत ललितपुरमा काठमाडौँ र भक्तपुरका भन्दा बढी राजाहरुले राज्यसत्ताको बागडोर सम्हालेका थिए । यहाँ सिद्धिनरसिंह मल्लदेखि राजा तेजनरसिंह मल्ल (अन्तिम) सम्मका १६ जना मानिग्लाधिपतिहरुको जीवनचरित्रसम्बन्धी अति संक्षिप्त विवरण[३३] प्रस्तुत गरिएको छ ।

३१ देवमाला वंशावली २०१३ : १०६ ।
३२ धनवज्र वज्राचार्य २०५६ : १५१-१४५ ।
३३ उपर्युक्त स्रोत सहायकका रूपमा सत्यमोहन जोशीको नेपाली राष्ट्रिय मुद्रा (२०१७), नयराज पन्तको लिच्छविसंवत्को निर्णय (२०४३), धनवज्र वज्राचार्यको मध्यकालका अभिलेख (२०५६), पूर्णिमा, प्राचीन नेपाल आदि उपयोग गरिएका छन् ।

### सिद्धिनरसिंह मल्ल

हरिहरसिंह मल्लकी रानी लालमतिबाट वि.सं. १६६३ जन्मिएका सिद्धिनर सिंह मल्ल मानिग्लका स्वतन्त्र राजा भए । ने.सं. ७४० (वि.सं. १६७७) मा यिनले ललितपत्तनमा दरबार बनाए । त्यसै वर्षको ज्येष्ठशुक्ल दशमीको दिन तलेजुदेवीको मूर्तिको प्रतिष्ठा गरे । ने.सं. ७४७ (वि.सं. १६८३) मा विश्वेश्वर मन्दिर, ने.सं. ७५७ (वि.सं. १६९३) मा कृष्ण मन्दिर, ने.सं. ५७९ (वि.सं.१७१६) मा दिगुतलेजु मन्दिर ने.सं. ७६७ (वि.सं. १७०४)मा भण्डारखाल बगैँचाभित्र पोखरी एवं धारा सहित सुन्दरीचोक एवं तुसाहिटी निर्माण गराएका थिए । ललितपुरमा यिनले ने.सं. ७६१, ने.सं. ७७४ का मोहर, सुकी मुद्रासहित चाँदीका दाम समेत प्रसारण गरेका थिए । यिनको वि.सं. १७१७ मा निधन भयो ।

### श्रीनिवास मल्ल

वि.सं. १६८४ जन्मिएका श्रीनिवास मल्ल (सिद्धिनरसिंह मल्लका छोरा) वि.सं. १७१४ मा ललितपुरको राजसिंहासनमा बसे । ने.सं. ७७८-७८२ (वि.सं. १७१५-१७१९) मा काठमाडौँका राजा प्रताप मल्लसँग यिनको लडाइँ भएको थियो । यिनले चौघेरा (मूलचोक), भीमसेन मन्दिर, श्रीनिवास मल्लले नेपालेश्वर (नेपाल उपत्यकाका सबैभन्दा ठूला राजा) । यिनको पालामा ने.सं. ७८६, ने.सं. ७८१ का मुद्रा प्रसारण भएका थिए । वि.सं. १७४१ मा यिनको निधन भयो ।

### योगनरेन्द्र मल्ल

श्रीनिवास मल्लपछि उनका छोरा योगनरेन्द्र मल्ल राज भए । यिनी परलोक हुँदा ३३ जना नारीहरु सती गएका थिए । श्रीनिवास मल्लपछि मानिग्लबाट नेपालेश्वर उपाधि लिए । यिनले मणिमण्डपको जीर्णोद्धार गरे । यिनका ने.सं. ८०४, ८०५ उत्कीर्ण भएका ६ प्रकारका सुकी मुद्राहरु पाइएका छन् ।

### लोकप्रकाश मल्ल

योगनरेन्द्र मल्लकी छोरी योगमतीका छोरा लोकप्रकाश मल्ल राजा भए । आफ्ना बाजेका नाममा श्रीजयवीर योगनरेन्द्र मल्ल र आमा श्रीश्री योगमतीदेवी ने.सं. ८२६ मा उत्कीर्ण यिनका मुद्रा प्राप्त भएका छन् ।

### इन्द्र मल्ल

लोकप्रकाश मल्लपछि इन्द्र मल्ल ललितपुरका राजा भए । । यिनले ने.सं. ८२६ मा मुद्रा प्रसारणमा ल्याएका थिए ।

### ऋद्धिनरसिंह मल्ल

योगनरेन्द्र मल्लका भानिज (रुद्रदेव मल्ल)का छोरा ऋद्धिनरसिंह मल्ल राजा भए । यिनका नामबाट ने.सं. ८३५ मा दुई प्रकारका मुद्रा निष्कासन भएका थिए । ने.सं. ८३६ (वि.सं. १७७३) मा यिनले इष्ट देवतालाई प्रसन्न पार्न सुनको तोरण चढाएका थिए ।

### भास्कर मल्ल (महिन्द्रसिंह देव)

काठमाडौँका राजा महीन्द्र मल्ल (महीपतीन्द्र मल्ल) राजा भए । यिनका ने.सं. ८३७ मा मुद्रा प्रसारण भएका थिए । ने.सं. ८४२ (वि.सं. १७७९) मा यिनको निधन भयो ।

### योगप्रकाश मल्ल

ने.सं. ८४३ (वि.सं. १७८०) को यनिको अभिलेख छ । यिनका श्रीश्रीजययोगप्रकाश मल्लदेव ८४२ (ने.सं.) उत्कीर्ण मुद्रा प्राप्त भएका छन् ।

### विष्णु मल्ल

राजा विष्णु मल्ल राजा इन्द्र मल्लका भानिज, काठमाडौँका राजा जगज्जय मल्लका ज्वाइँ हुन् । ने.सं. ८४९ (ने.सं.), ने.सं. ८५१ मुद्रा प्राप्त भएका छन् । यिनले ने.सं. ८५२ (वि.सं. १७८९) मा शंखमूलमा घाट, धर्मशाला, श्री ३ दामोदर देवको प्रतिष्ठा गरेका थिए । यिनले ने.सं. ८५७ (वि.सं. १७९३) मा मूलचोकमा ठूलो घण्ट चढाए । यिनका सन्तान थिएनन् । ने.सं. ८५९ (वि.सं. १७९५) मा यिनले टिष्टुङ किल्लाको जीर्णोद्धार गरेका थिए ।

### राज्यप्रकाश मल्ल

राज्यप्रकाश मल्ल (कान्तिपुरका राजा जगज्जय मल्लका छोरा)लाई विष्णु मल्लले उत्तराधिकारी दिए । यिनका ने.सं. ८६५ मा जारी भएका मुद्राहरु प्राप्त भएका छन् । राजा राज्यप्रकाश मल्लले ने.सं. ८७० (वि.सं. १८०६) मा कीर्तिपुरको वनदुर्गको रक्षाका लागि स्थिति बाँधेका थिए ।

### विश्वजित् मल्ल

राज्यप्रकाश मल्लपछि विश्वजित् मल्ल (विष्णु मल्लकी छोरीका छोरा) राजा भए । यिनले पाटनमा ४ वर्ष राज्य गरे । यिनका ने.सं. ८७२ मा मुद्रा निष्कासन भएका थिए । विश्वजित् मल्ले ८८० (वि.सं. १८१६) मा चोभारको वनदुर्ग रक्षाको प्रबन्ध मिलाएका थिए ।

### जयप्रकाश मल्ल

कान्तिपुरका राजा जयप्रकाश मल्ल राजा भए । मूलचोकमा जयप्रकाश मल्लको ने.सं. ८८१ (वि.सं. १८१७) माघशुक्ल पूर्णिमाको **देशभित्रको जग्गा जमीन देशवासीले बेच्न पाइँदैन । बेच्यो भने त्यसको मूल्य देवतालाई तिर्नु पर्छ** बेहोराको स्थिति बाँधिएको तामपत्र छ ।

### रणजित् मल्ल

भक्तपुरका राजा रणजित् मल्ल ललितपुरका पनि राजा भए । यिनको मूलचोकमा ने.सं. ८८२ (वि.सं. १८१९) आश्विन शुक्ल दशमीको स्थिति बाँधिएको ताम्रपत्र छ ।

### जयप्रकाश मल्ल

कान्तिपुरका राजा जयप्रकाश मल्ल दोस्रो पटक राजा भए । यिनका पाटनका राजाको रूपमा ने.सं. ८७० मा मुद्रा प्रसारण भएका छन् ।

### दलमर्दन शाह

महापात्रहरुको अनुरोधमा पृथ्वीनारायण शाहको प्रतिनधिको रूपमा राजा भए । त्यसपछि स्वतन्त्र रूपमा राजा भए । ४ वर्षपछि प्रधानहरुले निकालिदिए । यिनका ने.सं. ८८४ मा मुद्रा निष्कासन भएका छन् ।

### तेजनरसिंह मल्ल

राजा तेजनरसिंह मल्ल (विश्वजित् मल्लका वंशज्) ले तीन वर्ष राज्य गरे । यिनका ने.सं. ८८५ मा मुद्रा प्रसारण भएका छन् । वि.सं. १८२५ आश्विन १३ गते कान्तिपुर विजय कान्तिपुरका राजा जयप्रकाश मल्ल ललितपुरको शरणमा पुगे । गोर्खाली फौजको आक्रमण गर्न पाटनतर्फ अघि बढ्यो । गोर्खाली फौजको सामना गर्न नसक्ने परिस्थिति सिर्जना भइसकेपछि वि.सं. १८२५ आश्विन २० गते पाटनका राजा तेजनरसिंह मल्ल, जयप्रकाश मल्लसहित भक्तपुरको शरणमा गए ।


वि.सं. १८२५ आश्विन २५ मा पृथ्वीनारायण शाहको फौजले पाटनमा कब्जा जमायो । अन्ततः सदियौँदेखि स्वतन्त्र राज्यको कायम रहेको पाटन पृथ्वीनारायण शाहको राज्यमा विलय भयो ।

## १. दरबार वास्तुकला

पश्चिमाभिमुख ललितपुर दरबार उत्तर दक्षिण फैलिएको छ । अग्रभाग उत्तरदेखि दक्षिणसम्म क्रमशः चार खण्डमा विभक्त छ- केशवनारायणचोक दरबार, देगुतलेजु मन्दिर, मूलचोक दरबार, सुन्दरीचोक दरबार । यस दरबार क्षेत्रमा ९ वटा चोकहरू थिए- केशवनारायणचोक, किसिचोक, दाफस्वाँचोक, नासलचोक, सुन्दरीचोक, करवीरचोक, घडाचोक, दुईमाजुचोक ।[१]

ललितपुर दरबारका प्रमुख अङ्गहरूमा तलेजु मन्दिर, देगुतलेजु मन्दिर, तलेजु आँगछे, द्विमाजु मन्दिर, सुन्दरचोक, नासलचोक, मूलचोक, केशवनारायण चोक, तुसाहिटी, लोहिटी र भण्डाखाल बगैंचा आदि रहेका छन् । देगुतलेजुको अगाडि आफ्ना दुई रानीसहित राजा योगनरेन्द्र मल्लको प्रतिमायुक्त प्रस्तरस्तम्भ छ । दरबारको पश्चिमी प्रांगणमा नेपाली छानेशैलीका हरिशंकर मन्दिर, चारनारायण मन्दिर, विश्वनाथ मन्दिर, भीमसेन मन्दिर र शिखर एवं गन्धकूट शैलीका नरसिंह मन्दिर, कृष्ण मन्दिर, च्यासिं देग (कृष्ण मन्दिर) छन् ।

१ ईश्वरमान सिन्या श्रेष्ठ २०४६: ४७, ४९ ।





## १.१ केशवनारायण मन्दिर

ललितपुर दरबारभित्रका सर्वप्राचीन देवता केशवनारायण हुन् । चतुष्कोणाकार चोकको चारैतिर दरबारको भौतिक संरचना छ । बीचमा केशवनारायणको मन्दिर अवस्थित छ । मन्दिर १ तले गुम्बज शैलीको छ । मन्दिर कहिले कसले बनायो भन्ने कुनै प्रमाण फेला परेको छैन । मन्दिर दरबारभन्दा प्राचीन देखिन्छ । प्रतिमालक्षण एवं नेपालमा पाइएका नारायणका मूर्तिहरूको अध्ययन गर्दा यो मूर्ति १० औँ शताब्दीको देखिन्छ ।

> **लक्ष्मीसहित मणिकेशव सर्वतोभद्र मण्डपमा विराजमान छन् । अति ललित कठपुतली, झ्याल, नाना प्रकारका सुन्दर चित्र, विचित्र समुच्चय देवताल सुन्दर इट छापेका झैँ भएका अनेक माङ्गलिक उत्सव भएका समुद्रमा झैँ मणिकेशव विराजमान हुनुहुन्छ ।।८९।।**
>
> **मान्य मङ्गलकारक मुनिगणले सेवित र अपमानदेखि दूर मालाहरूले सजिसजाउ शरीर भएका मणिगणले मण्डित मुकुट भएका शङ्ख, चक्र, गदा, पद्म समातेका वक्षास्थलमा कौस्तुभ मणि लाएका मणि केशव सुन्दर छन् ।।९०।।**[१]

मन्दिर तथा दरबारको वास्तुस्वरूपभन्दा केशवनारायणको मूर्ति पुरानो देखिन्छ । अहिलेको मन्दिरको गुम्बज स्वरूप वि.सं. १९९० को भूकम्पछि परिर्वतन भएको देखिन्छ । त्यसमा प्रयोग भएका प्रस्तरका कलशसहितका बुट्टेदार थामहरूले मन्दिर निकै कलात्मक थियो भन्ने आभास हुन्छ । दरबारको मूल अङ्गका रूपमा केशवनारायणचोक रहेको छ ।



१ कुनु शर्माको कीर्तिपताका २०१८ : २५ ।



## १.२ देगुतलेजु मन्दिर

राजा शिवसिंह मल्लका शासनकालमा गुरु पदवी धारण गरेका लम्बकर्ण भट्टले कान्तिपुर र ललितपुर दुवै शहरमा देगुतलेजु मन्दिर स्थापना गरेका थिए ।[१] नासलचोकको पश्चिम भित्तामा रहेको सिद्धिनरसिंह मल्लको ने.सं. ७६१ (वि.सं. १६९७) फाल्गुनकृष्ण द्वितीयाको अभिलेखअनुसार देगुतलेजुमा सिद्धिनरसिंह मल्लले ५ तले देवल बनाई सुनका गजुर र ध्वजा चढाइकन प्रतिष्ठा गरेका थिए ।[२] देगुतलेजु मन्दिर ६४।२० हात अग्लो छ ।[३]

> **भक्तहरूलाई स्वर्गको प्राप्ति गराउने, संसारका नयाँ क्रीडा कलाका साक्षी भएकी, दैत्यहरूको रगतलाई पानीजस्तै पिउने भएकी, आफ्ना पतिका कीर्तिरूपी धारा धर्नाले सुहाएकी, नास्तिकहरूको खराब मनसायलाई हटाउने, हिमालको टकुराको वनको शोभा बढाउने, अज्ञानरूपी अन्धकार नाश गर्ने, देवताहरूको भय हटाउनाले मराएकी, घमण्डी, दानवहरूलाई नष्ट पार्ने, राम्रो ...चढ्ने भएकी, निधारमा चन्द्रमाको कला भएकी संसारको सृष्टि गर्ने संसाररूपी समुद्र तार्ने भएकी, आफ्नो पाउमा आएकाहरूको मनको सन्ताप हर्ने भएकी महादेवको काखमा रमाउने ठूला पार्वती हुनुहन्छ ।[४]**

१ काठमाडौँ उपत्यकाको एक राजवंशवाली : १० ।

२ धनवज्र वज्राचार्य २०६८ : ८०-८२ ।

३ गौतमवज्र वज्राचार्य २०३३ : १७३।

४ धनवज्र वज्राचार्य २०५६ : ८०-८२ ।

ने. सं. ७८३ (वि.सं. १७१९) मा आगलागी भएको र श्रीनिवास मल्लले ६ महिनामा माथिल्लो छाना सुनले छाई तयार गरेका थिए । देगुलतेजुकै सम्मुखमा ने.सं. ८१३ (वि.सं. १७४९) मा राजा योगनरेन्द्र मल्लले प्रस्तरस्तम्भमाथि आफ्ना दुई रानी सहित आफ्नो प्रतिमा राखेका थिए। वि.सं. १९९० को भूकम्पमा पूर्णरूपमा भत्किएको देगुतलेजु मन्दिरको श्री ३ जुद्ध शमशेरले जगैदेखि नयाँ बनाई वि.सं. १९९५ मा प्रतिष्ठा गरेका थिए ।[५]

> **मणिकेशवको दक्षिण दिशामा सुन्दर देवीको मन्दिर छ । त्यसलाई कुनै जन सुमेरु पर्वत भन्दछन् । कुनै ब्रह्मलोक भन्दछन् । कसैले लोकालोक पर्वत भनेका छन्  केहीले त्रिकूटलङ्काचल भनेका छन् । कुनै त विष्णुलोक हो भन्दछन् । कोही कोही भने साक्षात् कैलाश हो भनेर त्रैलोक्यजननी तुर्या - तुरीया-तुर्जा -तुल्जा-तुलजा-तलेजुका सर्वोच्च देवल छ ।। ९१।।[६]**

> **देवलमा गिरिजा पार्वती बस्नुहुन्छ । त्यसको गजुर अति उच्चा छ । सुन्दर कृत्रिम योगिनी गण छन् । अनेक सुन्दर झ्याल र तोरण छन् । सुनौला छाना छन् । नीला शिलाको भूइँ छ । राम्रा ईँटका चौतारा छन् ।।९२।।[७]**

५ देवमाला वंशावली २०१३: ५५ ।

६ कुनु शर्माको कीर्तिपताका २०१८ : २५-२६ ।

७ कुनु शर्माको कीर्तिपताका २०१८ : २६ ।





## १.३ तलेजु मन्दिर

नेपाल उपत्यकामा मल्ल राजाहरूका सबैभन्दा पुज्य इष्टदेवी तलेजु हुन्। नेपाल मण्डलका ३ वटै मल्लदरबारमा भएका तलेजु मन्दिरमा सबैभन्दा जेठो भक्तपुर, माहिलो काठमाडौँ र कान्छो पाटन हो । नासलचोकबाट पूर्व र मूलचोकको उत्तरपूर्व कुनाको शिरोभागमा तलेजु मन्दिर अवस्थित छ । तलेजु मन्दिर सिद्धिनरसिंह मल्लले बनाएका थिए । ने.सं. ८३६ (वि.सं. १७७३) मा राजा ऋद्धिनरसिंह मल्लले तलेजुमा सुनको ढोकामा सुनको तोरण चढाएका थिए ।[1]

राजा विष्णु मल्लकी रानी चन्द्रलक्ष्मीदेवीले तुलजा भवानी प्रीति गरी ने.सं. ८५७ (वि.सं. १७९४) मा ठूलो घण्ट चढाएकी थिइन् । पछि श्री ३ चन्द्र शमशेरले जीर्णोद्धार गरेको यो ठूलो घण्ट स्मारक वि.सं. १९९० को भूकम्पमा समेत केही भएको थिएन ।[2] तलेजु मन्दिर ४८।१० हात अग्लो छ ।[3] तीन तलासम्म मूलचोक दरबार त्यसमाथि तीन तले मन्दिर छ । यस मन्दिरका २ वटा छाना झिँगटीले छाइएका र गजुर जडित छानामा तामरपत्र (सुन मोलम्बायुक्त) छ ।

यो अष्टकोणाकार मन्दिर छ । तिलेजु मन्दिरको शिरोभागमा कृष्ण मन्दिरको प्रतिरूप छ ।

श्रीतलेजु भवानीको प्रतिष्ठा गर्दा सिद्धिनरसिंह मल्लले खुसी भई आफ्ना गुरु विश्वनाथ उपाध्यलाई सुनको कल्पवृक्ष दक्षिण दिएका थिए ।[4]

काठमाडौँ उपत्यका संरक्षण कोष (KVPT) द्वारा वि.सं. २०७२ को भूकम्पबाट संरचनागत रूपमा क्षतिग्रस्त भएको यस मन्दिरको चरणबद्ध कार्य गरी जीर्णोद्धार सम्पन्न भएको छ ।[5]

---

१ तीर्थलाल नःघः भनी तलेजु ८२ : ८ ।

२ देवमाला वंशावली २०१३ : ७४।

३ गौतमवज्र वज्राचार्य २०३३ : २७३।

४ देवमाला वंशावली २०१३ : ७४।

५ काठमाडौँ भ्याली प्रिजर्भेसन ट्रष्ट २०२० : ४० ।



## १.४ तलेजु आगमछेँ

पाटनको तलेजु मन्दिर विहारजस्तो गरी बनाइने मूलचोकको दक्षिणीभागमा उत्तराभिमुख तलेजु आगमछेँ छ । आगमछेँको रूपमा बनाइने मन्दिर तलेजु भवानीको सामयिक निवासस्थान मात्र हो । दशैँमा अष्टमीदेखि दशमीसम्म तलेजुको प्रतिमा त्यहाँ ल्याई राखिन्छ तथा विशेष पूजा सम्पन्न गरिन्छ ।[१]

> **देवी दुर्गाका विस्मयकारक उत्सव प्रतिवर्ष दशैँमा हुन्छन् । राँगा, बोका, भेडा, हाँस, कुखुराहरूका बलि चढ्छन् । जनता जात्रा हेर्न आउँछन् । बन्दुक पट्काएर बढाइँ हुन्छ । आरती पूजा हुन्छ । दीपमाला बालिन्छ । सब प्रकार रमाइलो स्वर्ग जस्तै हुन्छ ।।९३।।**

ने.सं. ८३६ (वि.सं.१७२३) आश्विनशुक्ल प्रतिपदामा राजा ऋद्धिनर सिंह मल्लले इष्टदेवता खुशी पार्न सुनको तोरण चढाएका थिए ।[२] यस आगमछेँमा द्वारपालका रूपमा ढोकाको दायाँ मकरवाहिनी गङ्गा, बायाँ कूर्मवाहिनी यमुनाका मूर्ति छन् । दुवै मूर्ति सुनका मोलम्बायुक्त छन् । यस मन्दिरको शिरोभागमा कृष्ण मन्दिर प्रतिरूप छ ।

काठमाडौँ उपत्यका संरक्षण कोष (KVPT) द्वारा वि.सं. २०७२ को भूकम्पबाट संरचनागत रूपमा क्षतिग्रस्त भएको तलेजु आगमछेँको चरणबद्ध कार्य गरी जीर्णोद्धार सम्पन्न भएको छ ।[३]



---

१ गौतमवज्र वज्राचार्य, हनूमान्ढोका राजदरबार, २०३३ : ११७।

२ धनवज्र वज्रचार्य २०५६ : ४०४।

३ काठमाडौँ भ्याली प्रिजर्भेसन ट्रष्ट २०२० : ४१ ।



## १.५ दुईमाजु मन्दिर

सुन्दरीचोकबाट पूर्व, भण्डाखाल बगैँचा (पोखरी एवं लोहिटी)को दक्षिण–पश्चिम कुनामा दुईमाजुको मन्दिर अवस्थित छ। दक्षिणाभिमुख यो मन्दिर जस्ताले छाएको सानो भूँइतले छ । मन्दिरको भित्री कक्षमा भित्तासँगै जोडिएको चारवटा प्रस्तर स्तम्भमा ३ वटा साना कक्षसहित शिरोभागमा पनि ३ वटा गजुर भएको प्रस्तरकै कलात्मक देवल छ । गर्भगृहमा ३ वटा देवीका प्रतिकात्मक शिला छन् । बीचमा दुईमाजु विराजमान छिन् । यस देवलको पृष्ठभागका दायाँबायाँ २ वटा शिलापत्र रहेका छन् । अग्रभागमा दायाँतर्फ गणेश र बायाँतर्फ नटराज शिव छन् । गणेशको अनुपातमा १२ भुजा भएको नटराज शिव मूर्ति ठूलो र निकै आकर्षक छ । देवलको दायाँतर्फ पुरन्दरसिंहको ने.सं. ७०९ (वि.सं. १६४५) मार्गकृष्ण नवमीको अभिलेखमा देवीको **भृगुबाट पैदा भएकी, विष्णुकी प्यारी, पग्लेको सुन जस्तो चहकिलो भएकी सबै गहना लाएकी श्रीदेवी लक्ष्मी हुनुहुन्छ । देवताका पनि देवता भएकी** बयान गरिएको छ । यो अभिलेख राजा विष्णुसिंहका नाति, पुरन्दरसिंहका छोरा युवराज पुरुषोत्तमसिंहकी रानी ललितलक्ष्मी अकस्मात् परलोक हुँदा तिनको नाममा सुन्दर मन्दिरमा लक्ष्मीको प्रतिमा स्थापना गरी राख्न पुरन्दरसिंहले उक्त लक्ष्मीको पूजा आदि सबै कुराको बन्दोबस्त गरिदिनुभयो । यहाँ पुरन्दरसिंहले बयान गरे जस्तो न सुन्दर मन्दिर नै छ न त लक्ष्मीको प्रतिमा छ । त्यसैले यो अभिलेखको उपस्थितिले दुईमाजु मन्दिरसँग सम्बद्ध रहेको/नरहेको भन्ने बारे थप अनुसन्धानको विषय बन्न गएको छ ।

गुठी संस्थान अभिलेख शाखा भद्रकालीबाट प्राप्त भएको वि.सं. १९६८ को आम्दानी खर्चको लगत[१]बाट यस दुईमाजु देवलसँग सम्बद्ध दानपत्र, शिलापत्र, तामापत्र, सनदपत्र र लालमोहरहरू थुप्रै भएको खुल्दछ ।

---

१ गुठी संस्थान अभिलेख शाखा भद्रकालीबाट प्राप्त लिखत (१ परिशिष्ट, ६४ पृष्ठमा लिखतको माथिल्लो अंशको मूलपाठसहित दिइएको छ) ।

## १.६ केशवनारायणचोक

उत्तरमा मंगलहिटी, दक्षिणमा देगुतलेजु र पूर्वमा भण्डारखाल र पश्चिममा कृष्णसहितका मन्दिरहरू छन् । केशवनारायणलाई मणिकेशव पनि भनिन्छ । केशवनारायण देवताको अवस्थितिले नै यस चोकको नाम केशवनारायणचोक रहन गएको हो । यसै चोकमा अवस्थित रहेको नरेन्द्रदेवको संवत् ६७ (वि.सं. ७००) पौषशुक्ल पञ्चमीको अभिलेख अनुसार यूपग्राम यूपग्रामद्रङ्गमा विकसित भएको थियो ।[१]

> **लक्ष्मीसहित मणिकेशव सर्वतोभद्र मण्डपमा विराजमान छन् । अति ललित कठपुतली, झ्याल, नाना प्रकारका सुन्दर चित्र, विचित्र समुच्चय देवताल सुन्दर इट छापेका भँ भएका अनेक माङ्गलिक उत्सव भएका समुद्रमा भँ मणिकेशव विराजमान हुनुहुन्छ ।।८९।।**[२]

केशवनारायणचोक दरबारको मूल ढोकामाथि सुनको झ्यालमा सृष्टिकान्त लोकेश्वरको मूर्ति विराजमान छ । ललितपुरका मुख्य देवता आर्यावलोकितेश्वर करुणामय विराजमान हुनुभएकोले प्रायः मल्ल राजाहरूले राष्ट्रिय मुद्रामा लोकनाथ-करुणामय-अवलोकितेश्वर-मत्स्येन्द्रनाथ नाम अङ्कित गरी आएको छ । यही करुणामयको मूलमन्त्र **ॐ मणि पद्मे हूँ** र हातमा लिएको वस्तु पनि मणि र पद्म नै धारण गरी दर्शन दिनुभएका करुणामयको कामकुरो प्राधान्य भएकोले यस ललितपुर नगरमा जहाँ जहिले पनि बोधिसत्व करुणामय वृष्टि देवताको महिमाबाट प्रभावित भएको छ । त्यस कारण मणिगल राजप्रसादमा सृष्टिकर्ता लोकेश्वर सुनको झ्यालको निधारमा तथा बुंगमलोकेश्वर (मत्स्येन्द्रनाथ)



अङ्कित गरिराखिएको छ ।[३] मल्लकालका राजाहरू पाटन दरबार (चौकोट दरबार)को सुनको झ्यालमा बसी सलामी दिन्थे ।[४] केशवनारायणचोक दरबारको दक्षिणीकुनाको शिरोभागमा ने.सं. ८४१ (वि.सं. १७७७) माघशुक्ल पूर्णिमाको राजा जयमहिन्द्रदेवसिंहको घण्ट छ ।

नेपाल सरकार, पाटन संग्रहालय विकास समिति र अष्ट्रियन सरकारको सहयोगमा वि.सं. २०७२ को भूकम्पबाट क्षतिग्रस्त यस केशवनारायणचोक दरबारको जीर्णोद्धारकार्य अन्तिम चरणमा रहेको (बाँकी रहेको उत्तरी भागमा कार्य भरहेको) रूपमा भइरहेको छ ।


---

१ धनवज्र वज्राचार्य २०५३ : २६० ।

२ कुनु शर्माको कीर्तिपताका २०१८ : २५ ।

३ हेमराज शाक्य २०३३ : २५-२६ ।

४ त्रिरत्न-सौन्दर्य-गाथा २०१९ : ५२ ।




## १.७ नासलचोक

देगुतलेजु मन्दिर र तलेजु मन्दिरको पृष्ठभूमिलाई नासलचोक भनिन्छ । नासलचोक केशवनारायण चोक र मूलचोकको बीचमा अवस्थित छ । नास द्यः को नामबाट नै नासलचोकको नाम रहन गएको छ । देगुतलेजु मन्दिरसँग जोडिएको दायाँतिर कलात्मक प्रस्तरको द्वारबाट देगुतले मन्दिरको मुनि हुँदै नासलचोक पुगिन्छ । कार्तिक नाचमा पूजा गरिने नृत्यनाथ यसै चोकको दक्षिण कुनामा छन् । यसै चोकको पश्चिमतिरको भित्तामा सिद्धिनरसिंह मल्लको ने.सं. ७६१ (वि.सं. १६९७) फाल्गुनकृष्ण द्वितीयाको अभिलेख छ ।[१]

यस चोकमा अवस्थित नृत्येश्वरको अगाडि बसेर कार्तिकनाचको अभ्यास गर्ने परम्परा छ । पाटनका रैथानेहरूले यसै चोकमा आएर नास द्यःको पूजा गरेर मात्रै बाजागाजा बजाउने गर्दछन् ।


> **नाट्येश्वरको फूलबारी उद्यानमा गणहरूका साथमा श्रीनृत्यनाथ विराजमान छन् । नानाभाँतीका कठपुतलीहरूले मण्डप सुशोभित छ । दारिम, केरा, सुन्तला, विजोंरा, बेलौती आदि नाना फलफूल फलेफूलेका छन् । एकातिर बागखोर र हात्तीसार छन् ।।९६।।**[२]





१ धनवज्र वज्राचार्य २०५६ : ८०-८२ ।

२ कुनु शर्माको कीर्तिपताका, २०१८ : २३ ।



## १.८ मूलचोक

तलेजु मन्दिर र तलेजु आँगमछैंको आँगनको भागलाई नै मूलचोक भनिन्छ । कान्तिपुर र भक्तपुरमा जस्तै ललितपुर राजदरबारभित्र मूलचोक रहेको छ । मल्लकालमा दशैं मुख्यगरी महानवमीमा धुमधामसँग मनाइन्थ्यो । मूलचोक यसको प्रमुखस्थल हुन्थ्यो ।[१] ने.सं. ७८६ (वि.सं. १७२३) आश्विनशुक्ल प्रतिपदामा राजा श्रीनिवास मल्लले महानवमीको दिन भवानीको चरणकमलको पूजाका लागि चौघेरा (मूलचोक) बनाए । राजा श्रीनिवास मल्लले मूलचोकको बीचमा श्रीयन्तजु कमल कोपिला जस्तो सुनको देवल बनाई प्रतिष्ठा गरेका थिए ।[२]

मूलचोकका चारैतिरका दलानका निदालमा

> **श्रीनिवास मल्लको ने.सं. ७८६ (वि.सं. १७२३) आश्विनशुक्ल प्रतिपदाको सुर्वणपत्र, श्रीनिवास मल्ल जितामित्र मल्ल नृपेन्द्र मल्लको ने.सं. ७९५ (वि.सं.१७३२) चैत्रशुक्ल पञ्चमीको ताम्रपत्र[३], योगनरेन्द्र मल्ल भूपालेन्द्र मल्ल भूपतीन्द्र मल्लको ने.सं. ८१८ (वि.सं. १७५५)को ताम्रपत्र, योगनरेन्द्र मल्लको ने.सं. ८१९ (वि.सं. १७५५) माघशुक्ल पूर्णिमाको ताम्रपत्र[४], योगनरेन्द्र मल्लको ने.सं. ८२१ (वि.सं. १७५७) माघकृष्ण षष्ठीको ताम्रपत्र, जयप्रकाश मल्लको ने.सं. ८८१ (वि.सं. १८१७) माघशुक्ल पूर्णिमाको ताम्रपत्र, रणजित् मल्लको ने.सं. ८८२ (वि.सं.१८१९) आश्विनशुक्ल दशमीको तामपत्र, गीर्वाणयुद्धविक्रम शाहको शाके १७२१ (वि.सं. १८५६) को**


१ धनवज्र वज्राचार्य, मध्यकालका अभिलेख, २०५६ : १४२-१४५ ।

२ धनवज्र वज्राचार्य, मध्यकालका अभिलेख, २०५६ : १४२-१४५ ।

३ अभिलेख संग्रह २०२० : ११-१२ । वि.सं. २०२० अघि नै हराइसकेको ।

४ अभिलेख संग्रह २०२० : १५ । वि.सं. २०२० अघि नै हराइसकेको ।





**ताम्रपत्र**

> अभिलेखहरू प्रकाश भएकोमा अहिले यहाँ जम्मा ३ थान (**श्रीनिवास मल्लको ने.सं. ७८६ (वि.सं. १७२३) आश्विनशुक्ल प्रतिपदाको सुर्वणपत्र, योगनरेन्द्र मल्ल भूपालेन्द्र मल्ल भूपतीन्द्र मल्लको ने.सं. ८१८ (वि.सं. १७५५) ताम्रपत्र** र **गीर्वाणयुद्धविक्रम शाहको शाके १७२१ (वि.सं. १८५६) को ताम्रपत्र**) बाँकी रहेका छन् ।

मल्लकालमा मूलचोकमा आगन्तुकहरूका लागि अनुशासनसम्बन्धी नियम बाँधिएका थिए- तमाखु, भाङ खान र थुक्न निषेध गरिएको छ । जुत्ता लगाएर आउन र जुत्ता राख्न हुँदैन ।[५]

मूलचोकको तलेजु प्रवेशद्वार अगाडि बलि दिने मौलो छ । मौलामा प्रतिवर्ष दशैँमा पञ्चबली (राँगा, बोका, भेडा, हाँस, कुखुरा) दिने परम्परा छ । जात्रा हेर्न आउनेको घुइँचो लाग्छ । बन्दुक पट्काएर बढाइँ हुन्छ । रात्रिकालमा झलमल्ल दियोहरू बालिन्छ । जात्रामय रौनक हुन्छ ।

मूलकचोकमा भएका ढोकाहरू, तोरणहरू, स्तम्भहरू, झ्यालहरू, टुँडालहरू १७ औँ शताब्दीमा निर्माण भएका हुन् ।[६]

५ धनवज्र वज्राचार्य २०५६ : ४५८-४६० ।

६ राज्यश्री श्रेष्ठ २०६३ : ७५-७७, ९३-९४, १००, ११०, १४४-१४५ ।




## १.९ सुन्दरीचोक

मूलचोकभन्दा दक्षिणपट्टिको चोकलाई सुन्दरीचोक भनिन्छ । आकार मापनको दृष्टिकोणले यो ललितपुर दरबारको सबैभन्दा सानो चोक हो । ने.सं. ७६७ तदनुसार वि.सं. १७०४ मा राजा सिद्धिनरसिंह मल्लले सुन्दरी(तुसाल)चोक दरबार निर्माण गराएका थिए । दरबारको रक्षा र शोभाका लागि सुन्दरीचोक प्रवेशद्वारको दायाँ बायाँ गणेश नरसिंह र हनूमान्का मूर्तिहरू स्थापना गरिएका छन् । सुन्दरीचोक दक्षिणी भागको तेस्रो तलामा जीर्ण अवस्थाका २ वटा भित्तेचित्र छन् । दक्षिणकुनामा झ्यालभन्दा माथि दलिनमा कुँदिएको सानो सूर्य मूर्ति (भूइँमा फर्किएको) छ ।

राजा सिद्धिनरसिंहको स्मृति स्वरूप सुन्दरीचोक दरबारको मूलढोकामा गणेश, नरसिंह, हनूमान् स्थापना गरी राखिएका छन् । यी मूर्तिहरू सिद्धिको अर्थमा गणेश, नृसिंहको अर्थमा नरसिंह र मल्लको अर्थमा पवन पुत्र हनूमान् राखिएका हुन् ।[१] तीन तले सुन्दरीचोक दरबारको भूइँ तलाका ढोकाभन्दा माथि चारैतिर शिवलिङ्गहरू राखिएका छन् । पहिलो तलामा चारैतिर ५/५ वटा कलात्मक झ्यालहरू र माथिल्लो तलाको चारैतिर आँखीझ्याल छन् ।

काठमाडौँ उपत्यका संरक्षण कोष (KVPT) द्वारा वि.सं. २०७२ को भूकम्पबाट संरचनागत रूपमा क्षतिग्रस्त भएको सुन्दरीचोकदरबारको पूर्वी खण्डको जीर्णोद्धार कार्य सम्पन्न भई यस खण्डमा रहेको संग्रहालयको प्रदर्शनी कक्ष सञ्चालनमा आइसकेको छ ।[२]



१ हेमराज शाक्य २०३३ : ४ ।

२ काठमाडौँ भ्याली प्रिजर्भेसन ट्रष्ट २०२० : ३८-३९।



स्रोतः काठमाडौं उपत्यका संरक्षण कोष

## १.१० तुसाहिटी

सिद्धिनरसिंह मल्लले ने.सं. ७६७ (वि.सं. १७०४) मा बनाएको सुन्दरी चोकको बीचमा ठूलो धनराशि खर्च गरी बडो लक्षणसहितका विभिन्न देवीदेवता प्रतिमा राखी बनाएको तुसाहिटी छ। तुसाहिटी दक्षिणाभिमुख छ। हिटीमा साधना गर्ने प्रस्तरको खाट छ। प्रस्तर खाटको अघिल्तिर २ वटा अग्ला प्रस्तर स्तम्भहरू छन्। हिटीको संरक्षण गर्नका लागि खुड्किलाका मुखमा नाग देवता निवास गरिरहेका छन्। हिटीभन्दा माथि गरुडमाथि बसेका लक्ष्मीनारायणको मूर्ति छ। त्यस मूर्ति माथि कृष्ण मन्दिरको सानो प्रतिरूप छ। गोलाकार परिधिमा अनेकौँ मूर्तिकलाको सजावटले हिटी सौन्दर्यवान् बनेको छ। जमिनमाथि र धाराभित्रको गहिराइमा २ गरी ३ लहर मूर्तिहरू राखिएका छन्। यस हिटीमा भएका देवीदेवताको नामावली[१] माथिल्लोबाट क्रमशः प्रस्तुत गरिएको छ।

१. **बंगलामुखी, कल्की, स्वच्छन्द भैरव, अनन्त नाग, वासुकि नाग, तक्षक नाग, चन्द्रशक्ति, कर्कोटक नाग, उमामहेश्वर, रुक्मिणी-कृष्ण-सत्यमाभा, अग्नि, गवाक्ष (खाली), ..., लक्ष्मीनारायण, उन्मत्त भैरव, अन्नपूर्ण, पद्मनाग, सूर्य, महापद्म नाग, शङ्खपाल नाग, कुलिक नाग, रत्नपञ्च कुमारी, चन्द्रशक्ति, भीमसेन, उमामहेश्वर, लक्ष्मीनारायण, त्रिजात नाग, द्वारपालदेव**

२. **अर्धनारीश्वर शङ्खरूपी वराह, ताण्डवेश्वर, भैरव वैष्णवी, भैरव कौमारी, भैरव रुद्राणी, भैरव ब्रह्माणी, ऋद्धिविनायक,**



तस्बिरः पुरातत्त्व विभाग

**शिव, मङ्गलादेवी तोरण, गवाक्ष, गवाक्ष, गङ्गाधर हरि, पञ्चमुखी हयग्रीवतारा, रमापति, संहारभैरव महालक्ष्मी, भैरव चामुण्डा, भैरव इन्द्राणी, भैरव वाराही, चण्डी, चन्द्र शक्ति, भैरव कुमारी, पवनदेव, पहिचान नभएको, चण्डिकादेवी, नृसिंहभैरव**

३. **अर्धनारीत्यसंगीतेश्वर, वीरभद्र, कालभैरव, महिषासुरमर्दिनी, कुमार, वटुकभैरव, त्रिमातृका, कार्त्तिकेय श्मशानेश्वरी, गजसवार पुरुष, नागद्वारहरू, भगीरथ, भूतेश्वरी, हरिसिद्धि, भैरव, पञ्चमुखरा, सिद्धिविनायक, सद्भक्तभैरव, पञ्चमुखी सिद्धिगणेश, शक्ति एकादश शमशना भैरव, दशवक्त्र भैरव, एकाशय भैरव, गौरीलक्ष्मी**

---

१ शुक्रसागर श्रेष्ठ २०५३ : ८-१०, शिवेश शर्मा २०१९ : ५१-५२, महेश्वर महर्जन पाटन दरबारको सुन्दरीचोक अवस्थित टुसाहिटी, नेपाल ग्यालरीज् डिजिटल पेज, २० अगस्ट २०१९ मा प्रकाशित।

यहीँ रहेको एउटा आयातकार प्रस्तर फलकमा **श्रीविक्रम संवत् २०१५ चैत्र महिनामा श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवबाट सुन्दरीचोक धाराको पाइप फुटी बिग्री पुरिई धेरै सालसम्म पानी रोकीई बन्द भैरहेकोमा सो सबै खोली पुनःनिर्माण गरी साबिकको मूलबाट आउने पानी पनि घट्दै रहेकोले अर्को मूल सञ्चय गरी नवनिर्माण समेत गरिबक्सियो** । उत्कीर्ण छ ।

तुसाहिटीभित्र हिन्दू तथा बौद्ध तान्त्रिक देवीदेवताका मूर्तिहरू रहेका छन् । कतिपय एउटै मूर्तिफलकमा हिन्दू तथा बौद्ध देवीदेवता, शिवलिङ्ग र चैत्य संयुक्त रूपमा कुँदिएका छन् ।

तुसाहिटीको टुटेधारामाथि स्थापित गरुडासन लक्ष्मीनारायणको मूर्ति इ.सं. २०१० मा चोरी भएकोमा इ.सं. २०१४ मा चोरी गर्ने गिरोहसहित उक्त मूर्ति बरामद गरिएको थियो । यस मूर्तिलाई हाल राष्ट्रिय संग्रहालय छाउनीको प्रदर्शनी कक्षमा राखिएको छ ।




## १.११ पोखरी तथा लोहिटी

सुन्दरीचोक तथा मूलचोकबाट पूर्व, भण्डारखाल बगैँचाको दक्षिणमा पोखरी छ । पोखरीको पूर्वमा एउटा ढुंगेधारा छ । ढुंगेधाराको माथि प्रस्तरको कलात्मक क्षेपुसहितको तोरण छ । भित्र पनि क्षेपुयुक्त तोरणसहित गङ्गाको सुन्दर मूर्ति छ । मूर्तिको दायाँबायाँ धार ासम्बद्ध राजा सिद्धिनरसिंह मल्लले राखेका २ वटा अभिलेख छन् । दुवैतिरका शिलापत्रभन्दा पर खोपासहितका जलद्रोणी छन् । दुई जलद्रोणी र ढुंगेधाराका मुनि सबैमा नमस्कारमुद्रामा रहेका भगीरथ छन् । आफ्ना इष्ट देवतालाई प्रसन्न पार्न इष्ट देवतालाई समर्पण गर्दै राजा सिद्धिनरसिंह मल्लले ने.सं. ७६७ (वि.सं. १७०४) वैशाखकृष्ण पञ्चमी बृहस्पतिवारका दिन पोखरी, ढुंगेधारा र फूलबारीको प्रतिष्ठा गरेका थिए ।[१] ने.सं. ७८० (वि.सं. १७१७) आश्विनशुक्ल पूर्णिमा सोमवारका दिन राजा सिद्धिनरसिंह मल्लले पाँग जलधुनिचाको ६ रोपनी, ३ जवा, खोकना गढसिको साढे ३ रोपनी खेतको आयस्ता इष्टदेवतालाई खुशी पार्ने उद्देश्यले धाराको जीर्णोद्धार गर्नका लागि छुट्याइदिएका थिए ।[२]

पोखरीको पश्चिम बीच भागमा झिँगटीले छाएको प्रस्तरको कलात्मक सानो पाटी छ । यो पाटीको मुनि दक्षिणाभिमुख सानो कोठा छ । सानो कोठाभित्र ने.सं. ७९६ (वि.सं. १७२२) कार्तिकशुक्ल प्रतिपदाको श्रीनिवास मल्लको अभिलेख छ । कोठाको बाहिरीभित्तामा विष्णुका दशअवतारसहित विभिन्न देवीदेवताका मूर्तिहरू कुँदिएका छन् ।

जयसिद्धिनरसिंह मल्लदेव प्रभु ठाकुरले श्री ३ इष्ट देवतालाई फूलको निम्ति यो बगैँचा चढाएका हुन् । महानवमीको दिन चोखो पानी लिनका लागि खड्गहरू धुनको लागि धारासहितको भण्डारखाल बनाइएको हो । यो धारा पोखरीमा नुहाउन पाइँदैन । धान सुकाउन पाइँदैन । फोहरमैला फाल्न पाइँदैन । थोत्रा कपडा आदि खराब वस्तु फाल्न पाइँदैन । श्रीश्रीराजाबाहेक अरूले यहाँ जुत्ता लगाएर आउनुहुँदैन । महारानीबाहेक अरू आइमाई यहाँभित्र पस्नुहुँदैन । कुनै बेला आवश्यक पर्‍यो भने श्रीउपाध्याय (गुरुज्यू) हरूले स्नान गर्न पाइन्छ । श्रीउपाध्यायका ब्राह्मणी (पत्नी) हरू मात्र पस्न पाइन्छ ।[३]

> **बगैँचाभित्रको पोखरीमा पहेँला कमल फुलेका छन् । किनारमा अनेक रंगका फूल फुलेका छन् । सङ्लो पानी छ । माछा कछुवा चरिरहेछन् । एकतिर सुन्दर ढुंगेधारा छ । हिमाल कैलासमा मानसरोवर झैँ पोखरीमा नाना जलचर प्राणीहरू खेलिरहेका छन् ।**[४]



१ धनवज्र वज्राचार्य २०५६ : ९६-९७ ।

२ धनवज्र वज्राचार्य २०५६ : ११४-११६ ।

३ धनवज्र वज्राचार्य २०५६ : १८८ ।

४ कुनु शर्माको कीर्तिपताका २०१८ : २१ ।











## १.१२ भण्डारखाल बगैँचा

पाटनको भण्डारखाल क्षेत्र अहिले पनि बगैँचाको स्वरूपमा छ । भण्डारखालको पूर्वतर्फ जमिनभागभन्दा करिब ४ हात गहिराइमा बीचमा शिवलिङ्ग र भित्ताहरूमा सूर्य, विष्णुसहितका देवमूर्तिहरू छन् । दक्षिणी भित्तामा ने.सं. ५३५ (वि.सं. १४७१) पौषशुक्ल पूर्णिमामा राखिएको शिलापत्र छ । शिलापत्रको शिरोभागमा ध्वजा बाँधिएको त्रिशूल, दायाँ बायाँ चन्द्र सूर्य, बीचमा साढेँ दायाँबाया कशल र फूलका लहराहरू उत्कीर्ण छन् । अभिलेखमा **राजधिराज परमभट्टारक श्रीश्रीजयज्योतिर् मल्लको विजयराज्यमा मानिग्ल वंथुनिह्मं घरको आँगनमा रहेका परमेश्वर श्रीसदाशिव श्रीश्रीमणिकेश्वरको भट्टारकको निमित्त श्रीयंकुली वर्मा र उनकी पत्नी मदनलक्ष्मी र छोरा जयसिंहले शिवरात्रि चतुर्दशीको दिन प्रतिवर्ष अटुट गरी पञ्चामृत स्नान होम बिल्वपत्र चढाउन पूजा गर्नको लागि थसिंथलि लिबु खेत साढे तीन रोपनी गुठी सदाशिव मणिकेश्वरलाई चढाइएको** बेहोरा छ ।[१] यसै भण्डारखालभित्रको एउटा मन्दिरमा ने.सं. ५४७ (वि.सं. १४८३) मा वँथुनिह्मंका यंकुली वर्माकी पत्नी मदनलक्ष्मीभरीको सम्मतिले चन्द्रको मूर्ति स्थापना गरिएको छ ।[२]

उद्यान पारिजात, जवा, चाप, धतुरो, जुई, हसना, रातकी रानी सिवाली, करवीर कुन्द, कवेरा आदि फूलेर ढकमक्क फूलबारी रमाइलो छ ।[३]



---

१ धनवज्र वज्राचार्य २०६८ : २४३-२४४ ।

२ धनवज्र वज्राचार्य २०६८ : २७५ ।

३ कुनु शर्माको कीर्तिपताका २०१८ : २६ ।




## २. मन्दिर

### २.१ हरिशङ्कर मन्दिर

चारैतिर काष्ठकला भरिपूर्ण ढोकाहरू भएको यस मन्दिरको गर्भगृहमा कालो प्रस्तरको स्थानक हरिहरको संयुक्त मूर्ति छ । दायाँ आधा भागमा शिव र बायाँ आधा भागमा विष्णु छन् । शिवतर्फ पार्वती र विष्णुतर्फ लक्ष्मीका मूर्ति छन् । पार्वतीका अघिल्तिर साँढे र लक्ष्मीको अघिल्तिर गरुडको मूर्ति छ । शिवका हातमा माथिबाट क्रमशः त्रिशूल, डमरु, जपमाला र कमण्डलु आयुध छन् । विष्णुका हातमा शंख, चक्र, गदा र पद्म आयुध छन् । छाना अड्याउन देवीतेवताका आकृति सहित भूइँ तलामा २४ टुँडालहरू, बीचको तलामा १६ वटा टुँडाहरू र माथिल्लो तल्लामा ८ टुँडालहरू राखिएका छन् । भूइँ र बीचको तलाका टुँडालहरूको तल्लो भागमा पृथ्वीमा पाप/अपराध गरेर यमलोक पुगेका मानिसहरूलाई पाप/अपराधको प्रकृति अनुरूप दण्ड दिएका चित्रहरू कुँदिएका छन् । अभिलेख प्राप्त नभएको हुँदा तीन तहको पेटीमाथि तीन तलाको ईँटको गारोको र झिँगटीले छाएका तीनै छाना भएको यस मन्दिरको निर्माण कसले गरेको हो भन्ने यकीन छैन ।

काठमाडौँ उपत्यका संरक्षण कोष (KVPT) द्वारा वि.सं. २०७२ को भूकम्पबाट पूर्णरूपमा क्षतिग्रस्त हरिशङ्कर मन्दिरको पुनर्निर्माणकार्य सम्पन्न भएको छ ।[1]




१ काठमाडौँ भ्याली प्रिजर्भेसन ट्रष्ट २०२० : ३०-३१।

## २.२ चारनारायण मन्दिर

भक्तको भयलाई हर्ने नारायणलाई भक्तिले चढाएर आफ्ना पितालाई समर्पण गर्नका लागि मानिग्लका महापात्र युगका चतुर शासक पुरन्दर सिंहले ने.सं. ६८६ (वि.सं. १६६२) माघकृष्ण त्रयोदशी आदित्यवारमा चारनारायण मन्दिर बनाएको अभिलेख छ।[१] दुई तहको पेटीमाथि निर्माण भएका यो मन्दिर दुई तले छ। ईँटाको गारो तथा झिँगटीको छाना छ।

गर्भगृहमा चारनारायण अर्थात् पूर्वी ढोकातिर **वासुदेव**, दक्षिण ढोकातिर **संकर्षण**, पश्चिम ढोकातिर **प्रद्युम्न**, उत्तरढोकातिर **अनिरुद्र** छन्। बीचमा **परमब्रह्मस्वरूप नारायण** भएका **पञ्चतत्त्वात्मक देवता** छन्।[२] टुँडालहरूमा विष्णुका दश अवतारका मूर्तिहरू कुँदिएका छन्। प्रवेशमार्गको पेटीमाथि दायाँबायाँ प्रस्तरका सिंह राखिएका छन्।

वि.सं. २०२४ मा यस मन्दिरको गुठी संस्थानबाट जीर्णोद्धार गरिएको थियो।[३] काठमाडौँ उपत्यका संरक्षण कोष (KVPT) द्वारा वि.सं. २०७२ को भूकम्पबाट पूर्णरूपमा क्षतिग्रस्त चारनारायण मन्दिरको पुनर्निर्माणकार्य सम्पन्न भएको छ।[४] पुनर्निर्माणपछि यस मन्दिरको नित्य पूजा विधिवत् सञ्चालनमा आएको छ।



स्रोतः काठमाडौं उपत्यका संरक्षण कोष

१ धनवज्र वज्राचार्य २०५६ : २२-२८।

२ धनवज्र वज्राचार्य २०५६ : २२-२८।

३ पुरातत्त्व विभाग २०६८ : ३०। धनवज्र वज्राचार्य २०५६ : २२-२८।

४ काठमाडौँ भ्याली प्रिजर्भेसन ट्रष्ट २०२० : ३०-३१।

## २.३ कृष्ण मन्दिर

तीन तहको प्रस्तरको पेटीमाथि प्रस्तरद्वारा निर्मित पाटनको प्रसिद्ध कृष्ण मन्दिर राजा सिद्धिनरसिंह मल्लले ने.सं. ७५७ (वि.सं. १६९४) मा निर्माण गरेका हुन् । मूलद्वारको दायाँपट्टि ने.सं. ने.सं. ७५७ (वि.सं. १६९४) को सिद्धिनरसिंह मल्लको अभिलेख छ । बीचको तलामा महाभारतका कथाका चित्र कुँदिएका छन् । तल्लो तलामा रामायणका कथाका चित्र कुँदिएका छन् ।[१] दोस्रो तलाको थामको माथिल्ला आधारभागमा कुँदिएका शिवलिङ्गका मुनि

पूर्वमा **जम्बुकेश्वर जबमुकेश्वर उपशान्तेश्वर वृषध्वजेश्वर ज्येष्ठेश्वर गोपक्षणेश्वर शानेश्वर हिरण्यगर्भेश्वर अध्यामेश्वर धर्मेश्वर ...श्वर संगमेश्वर केदारेश्वर विश्वेश्वर तारकेश्वर गमस्तीश्वर नर्मदेश्वर त्रिलोचनेश्वर गंगेश्वर पशुपतिश्वर पार्वतीश्वर मादिमुकेश्वर त्रिपिष्ठपेश्वर मणिकर्णिकेश्वर कामेश्वर चन्द्रेश्वर ...श्वर**

दक्षिणमा **निलगुकेश्वर कीटवेश्वर हाटकेश्वर गोकर्णेश्वर रत्नेश्वर ध्रुवेश्वर वैद्यनाथ हरिकेशेश्वर अगस्तीश्वर प्रतीकेश्वर मन्दरसेश्वर तिलपर्ण्णेश्वर रामुकीश्वर ...कीमेश्वर पर्व्वतेश्वर जरासंधेश्वर सोमनाथ ब्रह्मेश्वर अग्नीध्रेश्वर उर्वशीश्वर नकुलीश्वर आषाढीश्वर वीरेश्वर भारभूतेश्वर लाँगुलीश्वर त्रिपुरान्तक मनप्रकाशेश्वर**

पश्चिममा **महाकालेश्वर दशाश्वमेधेश्वर तिलवर्ण्णेश्वर प्रभा(ते)श्वर कृतिवासेश्वर रामेश्वर आग...श्वर गौतमेश्वर पापभक्षेव्यासेश्वर कपरीश्वर वाल्मीकीश्वर वृद्धकालेश्वर कर्ण्णकेश्वर कुक्कुटेश्वर प्रह्लादेश्वर ...(श्वर) ...(श्वर) ...(श्वर) कलशेश्वर चण्डेश्वर श्रीश्वर दक्षेश्वर नागेश्वर हरिचन्द्रश्वर त्रिसंधेश्वर ...वक्तेश्वर**

उत्तरमा **अपसरेश्वर मार्कण्डेयेश्वर निक्वशंकेश्वर प्रतिग्रहेश्वर सतीश्वर परद्रव्येश्वर परान्नीश्वर रातराजेश्वर ब्राम्हीश्वर सोमनाथ पर्व्वतेश्वर वीरमकेश्वर मोक्षेश्वर व्याघ्रेश्वर दण्डपाणिश्वर महाकालेश्वर तारकेश्वर नन्दीकेश्वर** नामहरू उत्कीर्ण गरिएका छन् ।[२] नौ वटा शिवलिंगको नाम उल्लेख छैन ।

प्रस्तरबाट निर्मित पूर्वाभिमुख कृष्ण २१ वटा गजुरले सुशोभित छ । गर्भगृहको रूपमा मूल देवतालाई भूइँ तलाभन्दा माथिल्लो तलामा राखिएको छ । मूल गर्भगृहमा सत्यभामा र कृष्णका कालो प्रस्तरका मूर्ति छन् । मूलढोकाको माथि शिवलिङ्ग स्थापना गरिएको छ । प्रवेशमार्गमा पहिलो पेटीमा सिंह र दोस्रो पेटीमा शार्दूल राखिएका छन् । गुम्बजाकृतिमाथि गजुर स्थापित छन् । तीन तलामाथि मन्दिरले शिखराकार स्वरूप लिएको छ ।

भाद्रकृष्ण अष्टमीको दिन पाटनमा कृष्णमन्दिरमा भव्य जात्रा लाग्दछ ।


वि.सं. २०७२ को भूकम्पले क्षतिग्रस्त दोस्रो तलाको आधार वि.सं. २०५४।५५ मा पुरातत्त्व विभाग र पाटन सम्पदा समूहको संयुक्त प्रयासमा जीर्णोद्धार भएको थियो ।[३] काठमाडौँ उपत्यका संरक्षण कोष (KVPT) द्वारा वि.सं. २०७२ को भूकम्पबाट संरचनात

---

१ गल्लीमा फ्याँकिएका कसिंगर, २०१८ : २३-४५।

२ कृष्ण मन्दिरमा उत्कीर्ण शिवलिङ्गका नामहरू लिपि विशेषज्ञ श्यामसुन्दर राजवंशीले पढेका पाठ हुन् ।

३ ललितपुर दरबार संरक्षित स्मारक क्षेत्रका वर्गीकृत स्मारकहरूको विवरण, २०६८ : २७ पृष्ठ ।





क्षतिग्रस्त कृष्ण मन्दिरको जीर्णोद्धारकार्य सम्पन्न भएको छ ।[४] वि.सं. २०७५ भाद्र ८ देखि सर्वसाधारणका लागि खुला गरिएको छ ।

---

४ काठमाडौँ भ्याली प्रिजर्भेसन ट्रष्ट २०२० : ३४-३५।

## २.४ भीमसेन मन्दिर


ललितपुरमा श्रीनिवास मल्लभन्दा अघि नै राजदरबारको अगाडि भीमसेनको भव्यमूर्ति स्थापना भइसकेको थियो । भीमसेनको भव्य मन्दिर श्रीनिवास मल्लले भगीरथ भैयासँग सरसल्लाह गरी बनाएका थिए । ने.सं. ८०१ (वि.सं. १७३८) मार्गशुक्ल षष्ठी बुधवारको दिन सुनका दुईवटा गजुर राखेको बेहोरा यसै मन्दिरको ढोकाको दायाँ कुनामा राखिएको शिलापत्रमा उल्लिखित छ ।[१]

**उतुंग बलले उद्धत भएर द्वन्द्वमा कीचकलाई पिँडो पारे, जसले क्रोध गरेर महाभारतका लडाइँमा सबै कौरवहरूको चूर्ण पारे, ती बली भीमसेन हातमा गदा लिएर गणहरूका साथमा साक्षात् भीषण शरीरधारी बण्डधर कालजस्ता लोकोत्तर देखिन्छन् ।।७९।।**

**अनि जसका कृपाले वणिक्जनहरू शीघ्र सुख लाभ गर्दछन् । जो दुश्शासनका कायलाई ओछ्याएर वज्र कवच धारेर छातीमा बसेका छन् । नाना कृत्रिम जातका वस्तुहरूको रचना गरेका, जन्तुहरूका रगतले युक्त भएका देवालयमा ती भीमसेन गणहरूका साथमा बसेका छन् ।[२]**

१ धनवज्र वज्राचार्य, २०५६ : २१६-२१८ ।

२ कुनु शर्माको कीर्तिपताका, २०१८ : २२ ।




भीमसेनलाई प्रसन्न पार्न ने.सं. ८४६ (वि.सं. ८४६) मा राजा योगप्रकाश मल्लको पालामा चौतारा कोनिम्हका गङ्गाशङ्कर बाबुले सुनको न्हुर पाय चढाएका थिए ।[३]

प्राचीन स्मारक संरक्षण ऐन २०१३ (पाँचौ संशोधनसहित), प्राचीन स्मारक संरक्षण नियमावली २०४६ र प्राचीन स्मारक संरक्षण कार्यविधि २०६४ बमोजिम पुरातत्त्व विभागको प्राविधिक सहयोगमा उपभोक्ता समितिद्वारा वि.सं. २०७२ को भूकम्पबाट संरचनागत क्षतिग्रस्त भीमसेनको जीर्णोद्धारकार्य भइरहेको छ ।[४]

३ धनवज्र वज्राचार्य, २०५६ : ४३० ।

४ काठमाडौँ भ्याली प्रिजरभेसन ट्रष्ट २०२० :

## २.५ विश्वनाथ मन्दिर

भीमसेन मन्दिरको दक्षिण, मणिमण्डपको पश्चिम, कृष्ण मन्दिरको उत्तर पूर्वमा विश्वनाथ मन्दिर रहेको छ । यस मन्दिरलाई विश्वेश्वरको मन्दिर पनि भनिन्छ । यो मन्दिरको निर्माण राजा सिद्धिनरसिंह मल्लले गरेका हुन् । ने.सं. ७४७ (वि.सं. १६८३) माघशुक्ल पञ्चमीको दिन देवल बनाउन लाएको बेहोरा यसै मन्दिरमा रहेको शिलापत्रमा उल्लिखित छ । यस शिलापत्रमा राजा सिद्धिनरसिंह मल्लले आफ्नो वंशावली समेत राखेका छन् ।

> **नाना कठपुतलीहरूले उज्याला सुन्दर छाना भएका, राम्रा झ्याल भएका, सुनौला कलश भएका, श्रीसम्पन्न द्वारमा हात्तीले शोभा भएका, राम्रा राता ईँटले छापेका आँगन भएका भव्य मन्दिरमा प्रथम गणहरूका साथमा श्री विश्वनाथ प्रभु विराजमान हुनुहुन्छ ।। ७७।।**[१]

यस मन्दिरका काठका स्तम्भ, थाम सहित निदालहरूमा सयौँ शिवलिङ्गहरू कुँदिएका छन् । दुई तहको पेटीमाथि दुई तले नेपाली छानेशैलीको विश्वेश्वर मन्दिरका चारै दिशामा बाहिरी थाममाथि ५ वटा कलात्मक तोरणहरू छन् । मन्दिरका चारै ढोकाका निदालमा महादेवका प्रतिमा छन् । गर्भगृहमा शिवलिङ्ग छ । मन्दिरका चारैतिर भित्ताहरूमा सूर्य, चन्द्र, विष्णु, इन्द्र, गणेश, कुमारका प्रतिमा छन् । पूर्वाभिमुख यस मन्दिरमा चढ्नका लागि पूर्व (मानिस सवार हात्ती मूर्ति) र पश्चिम (साँढे, सिंह र द्वारपालका मूर्ति) मा खुड्किलाहरू छन् ।

१ कुनु शर्माको कीर्तिपताका, २०१८ : २१ ।



काठमाडौँ उपत्यका संरक्षण कोष (KVPT) द्वारा वि.सं. २०७२ को भूकम्पबाट संरचनागत क्षतिग्रस्त विश्वेश्वर मन्दिरको जीर्णोद्धारकार्य सम्पन्न भएको छ ।[२]

२ काठमाडौँ भ्याली प्रिजर्भेसन ट्रष्ट २०२० : ३६-३७।

## २.६ मणिगणेश मन्दिर

भीमसेन मन्दिरको पूर्व, मंगलहिटी तथा मणिचैत्यको उत्तरमा दुई तले झिँगटीले छाएको मणिगणेशको मन्दिर छ । यो मन्दिरको गर्भगृह अहिलेको जमिनभागभन्दा केही गहिरोमा छ । गर्भगृहमा ६ हात भएका धातुको नृत्यमुद्रा गणेश मूर्ति छ । दायाँ बायाँ प्रस्तरका साना गणेशका मूर्ति छन् ।

> **श्रीमान् मंगलदायक मणिधर मान र अपमानदेखि रहित मान्य र मान्य र मनस्वी विद्वान्हरूका मंगलकारक, मान्यता प्रदान गर्ने मंगलमूर्ति, मंगलमय मोक्षदायक, हातमा लड्डु लिएका उज्यालो झलमल्ल परेका, मूसाका सुन्दर आसनमा बसेका मणिगल (मानगृह) मा मणि-गणेश विराजमान छन् ।।८२।।** [१]

यस मन्दिरको गर्भगृहमा शिरोभागमा फूलबुट्टामाथि बीचमा चक्र कुँदिएको ने.सं. ७७३ (वि.सं. १७०९) चैत्रशुक्ल त्रयोदशीको श्रीनिवास मल्लको पालाको अभिलेख छ । रैथाने नेवार समुदाय यस गणेशलाई नाट्येश्वर देवताको रूपमा समेत पूजा गर्दछन् ।

---

१ कुनु शर्माको कीर्तिपताका, २०१८ : २३ ।

## २.७ महाबुद्ध मन्दिर

ईँटामा सहस्र बुद्धसहितका मूर्तिहरू उत्कीर्ण शिखर शैलीको मृण्मय वास्तुकलाको अनुपम उदाहरणका पाटनको महाबुद्ध मन्दिर प्रस्तुत भएको छ । महाबुद्ध मन्दिरलाई नौ हजार बुद्ध भएको मन्दिर पनि भनिन्छ । वास्तुकलाविद् तथा कलाकार अभयराजले ने.सं. ६८५ (वि.सं. १६२२) मा आरम्भ गरेको महाबुद्ध-मन्दिर उनका नाति जीवराजका पालामा ने.सं. ७२१ (वि.सं. १६५७) आषाढशुक्ल सप्तमी तिथिमा प्रतिष्ठाकार्य सुसम्पन्न भएको थियो । महामङ्गलपूर्वक सम्पन्न यस प्रतिष्ठाकार्यमा महाराजधिराज शिवसिंह मल्लदेव, यशोधरा महाविहारका मूल आचार्य गुरु सिद्धिदेवजु, उपाध्याय महाबुद्धका पण्डित जयमुनिजु, जजमान पण्डित जीवराजको उपस्थिति थियो ।[१]

वि.सं. १९९० को माहाभूकम्प क्षतिग्रस्त भएको यो मन्दिर परम्परागत स्वरूपमा जीर्णोद्धार गरिएको थियो । वि.सं. २०७२ को भूकम्पमा सामान्य क्षति भएको थियो ।

महाबुद्ध मन्दिरको दक्षिणमा संरक्षिका विद्याधरी देवीको मृण्मय कलात्मक मन्दिर छ ।



तस्बिरः पुरातत्त्व विभाग

१ हेमराज शाक्य २०४५ : ७-१० । अनुपम कलाकृतिले भरिएको महाबुद्ध मन्दिर शुभ संकल्प गरेका पण्डित अभयराजको निर्माणकार्यको बीचैमा निधन भएको थियो ।

## २.८ मच्छिन्द्रनाथ मन्दिर

भाषावंशवाली र देवमालावंशावलीका अनुसार अनावृष्टि, अनिकाल चरमोत्कर्षमा पुगीसकेपछि सहकालको देवताका रूपमा लिच्छवि राजा नरेन्द्रदेवको राज्यकालमा कामरूप पीठका सिद्ध योगी मच्छिन्द्रनाथ नेपालमा भित्र्याइएका थिए ।[१]

पाटनका मच्छिन्द्रनाथ नेपाल उपत्यकाका मुख्य देवता हुन् । यिनलाई शैव बौद्धहरू मत्स्येन्द्रनाथ, वैष्णवहरू विष्णु, शाक्तहरू शक्ति र सौरहरू सूर्य भनी पूज्दछन् । यिनको नाम करुणामय लोकेश्वर भनी प्रसिद्ध छ । प्रत्येक बाह्र वर्षमा एकपल्ट बुङ्मतीदेखि यिनको रथ यात्रा पाटनमा ल्याउँछन् तथा बुङमतीमा लैजान्छन् । अरू वर्षमा पाटनमा मात्र मच्छिन्द्रनाथको जात्रा गरिन्छ । रथाजात्रामा मच्छिन्द्रनाथको ठूलो प्रसिद्धि छ । जात्रामा सिंहमुखी आदि अष्टमंगलका सुर्वणध्वज र सुर्वण छत्र ल्याइन्छन् । रथमा राजा र पुरोहित बस्छन् । ब्रह्मा र नारदका रुपमा दुई जना ब्राह्मण पनि त्यहाँ बस्छन् । रथ काठ र बेतले बनाइएको, झ्याउले छोपिएको हुन्छ । विमान बस्ने ठाउँ चाहिँ सुनौला पाताले मोरिएको हुन्छ । मुहडाको काठमा सुनौला हयग्रीवको मुख राखिएको हुन्छ ।[२]

> **खिमयेलमा मत्स्येन्द्रनाथ विराजमान हुनुहुन्छ । मत्स्येन्द्रनाथका मन्दिरमा सुनौला तीनवटा छाना छन् । अनेकन् कृत्रिम पुतलीहरू छन् । चारैतिर उज्याला ढोका छन् । सुन्दर झ्याल छन् । मत्स्येन्द्रनाथले सुशोभित मत्स्येन्द्र मन्दिर विष्णुले शोभित सुमेरु पर्वत जस्तो देखिन्छ । १५।।**[३]
>
> **मत्स्येन्द्रनाथको रूप कस्तो छ भने अग्लो नाक, पुष्ट गाला, कुण्डल मंडित कान, सुन्दर जटा, गोल काँक्री जस्तो ओठ, विशाल तीनवटा नेत्रले मुखमण्डल बिजुलीझैँ चमचम चम्किरहेछ । कान्तिमय किरण भएका, सूर्य तथा अग्निका जस्तो तेजिलो गाथ भएका मत्स्येन्द्रनाथ प्रभुका पाउ इन्द्रादि देवताहरूका मुकुटका रत्नहरूका किरणले झलमल्ल उज्याला छन् ।।१६।।**[४]

यसै मन्दिरमा उत्कीर्ण ने.सं. ७९३ (वि.सं. १७२९) फाल्गुनशक्ल दशमीको अभिलेखमा **श्री ३ बुंग (मत्स्येन्द्रनाथ) इष्टदेवताप्रति मणिग्लका र राजाहरूले गर्नुपर्ने कुराको बेहोरा यसप्रकारको छ... श्री ३ त्रैलोक्यनाथ बुंग इष्ट देवताको स्नान जात्रा, रथयात्रा आदिमा बुंगमतीमा जानुपर्दा तवबहालमा जानुपर्दा, राजाहरूले सबै काम छोडिकन पनि निश्चित ठाउँसम्म जानुपर्छ । यी जात्राहरूमा राजाहरूलाई आशौच, दुःख परे पनि बाजागाजाहरू निषेध नगर्नु** भन्ने उल्लिखित छ । ने.सं. ४९० (वि.सं. १४२७) वैशाख शुक्लतृतीयाको दिन जयस्थितिराज मल्लदेव ललितपुर मानिगलमा (मच्छिन्द्रनाथको) जात्रामा सहभागी भएका थिए ।[५]

---

१ भाषावंशवाली द्वितीय भाग २०२३ : ७-१६, देवमाला वंशावली २०१३ : २५-२९।

२ त्रिरत्नसौन्दर्य-गाथा २०१९ : ५६-५७, १३८,१३९ ।

३ कुनुशर्माको कीर्तिपताका २०१८ : १६ ।

४ कुनुशर्माको कीर्तिपताका २०१८ : १६ ।

५ धनवज्र वज्रचार्य २०५६ : १३०-१३१।



तस्बिर: राजेन्द्र महर्जन



Photos: Jurgen Schick, 1985 A.D.

मच्छिन्द्रनाथको देवल ५६।१० हात अग्लो छ भने मच्छिन्द्रनाथको रथ उँचा हात ३६।६ हुन्छ ।[६] तीन तले यस देवललाई तवबहाल, मच्छिन्द्र बहाल समेत भनिन्छ । वि.सं. १९९० माघको भूकम्पमा जम्मै भत्किएको यो मन्दिरलाई वि.सं. १९९५ मा श्री ३ जुद्ध शमशेरले जीर्णोद्धार गरेका थिए । वि.सं. २०७२ को भूकम्पबाट मच्छिन्द्रनाथको मन्दिरमा आंशिक क्षति पुगेको थियो ।

---

६ गौतमवज्र वज्राचार्य २०३३ : २७३।

## २.९ कुम्भेश्वर मन्दिर

> **मानिग्लको उत्तरपट्टि कुम्भतीर्थ भनी कहलाएको ठूलो तीर्थ छ । जहाँ भगवान् कुम्भेश्वर महादेव छन् । त्यसको आग्नेयपट्टि गणेश र वासुकि छन् । दक्षिणपट्टि मातृदेवताहरू छन् तथा पितृतीर्थ छ । उत्तर र वायव्यपट्टि गौरी र पोखरी छन् । ईशानपट्टि केशव छन् । बीचमा कुम्भेश्वर महादेव छन् ।**[१]

> **हे मुनिश्रेष्ठ यहाँ पूर्व युगमा को मुक्त भएको थियो ? ने मुनि आज्ञा गर्नुहुन्छ-पहिले यो पहिरो कुण्ड ब्रह्माले स्थापना गरेका हुन् । कश्यपऋषिले पनि पनि यहाँ लोकको सृष्टिको इच्छाले तपस्या गरे ॥८॥ हे ब्राह्मण अगाध कुण्डमा पार्वतीले आरधना गरेकी थिइन् । यसै बेला कुण्डबाट यो लिङ्ग उत्पन्न भयो ।**[२]

प्राचीनकालमा गौरीतीर्थमा बसी तपस्या गरिबसेका कुम्भनामक ऋषिको श्रद्धा भक्ति आराधनाबाट प्रसन्न भएका महादेवलाई उसै बेलादेखि कुम्भेश्वर महादेव भन्ने गरी आएका छन् । अनि गौरी तीर्थलाई कुम्भेश्वर तीर्थ भन्ने चलन भयो ।[३]

प्रतिवर्ष श्रावणशुक्ल चतुर्दशीका दिन राती सर्वेश्वर भट्टारक कुम्भेश्वर महादेवको सुवर्णमय मूर्ति यहाँको पोखरीमा माझमा सुन्दर खट बनाई एक रात विराजमान गराइन्छ । भोलिपल्ट पूर्णिमाको दिन बिहान मिर्मिरेदेखि यहाँ स्नान गर्नको निमित्त हजारौँ नरनारी यात्रीगणहरू भेला हुन्छन् । सर्वेश्वर भट्टारक कुम्भेश्वर महादेवलाई पूजा गर्नछन् । अपराह्नमा पोखरीबाट महादेवको मूर्तिलाई उठाई मन्दिर प्रवेश गराइन्छ ।

सर्वेश्वर मृत्युञ्जय महादेवको मन्दिर एक तहको पेटीमाथि चारैदिशामा ३/३ द्वार सहित सुन्दर कलापूर्ण स्तम्भ र तोरण राखी शिव शक्तिगण तथा अन्य देवदेवी प्रभृतिका टुँडालहरूले सुसज्जित भई पञ्चछत्रको प्रमाण (पाँच तले छाना) ले बनेको छ । यसको सर्वोपरि भागमा सुनको मोलम्बायुक्त तामाको छाना छ । यसको शिरोभागमा डमरु, त्रिशूल तथा छत्रसहितको गजुर छ ।[४]

कुम्भेश्वर मन्दिरको लिपिको आधारमा अंशुवर्माकालिक **कल्याण होस् ।... कारण भएका भगवान्को प्रतिष्ठाले ठूलो पुण्य हुन्छ भनी तीनै लोकका गुरु भएका भगवान्को प्रतिष्ठा गरियो** उत्कीर्ण अभिलेख छ । कुम्भेश्वर मन्दिरमा रहेको ने.सं. ५१२ (वि.सं. १४४९) वैशाखकृष्ण षष्ठीको राजा जयस्थिति मल्लको विजयराज्यमा सप्तकुटुम्बज (सात परिवारका) प्रधानमूर्त्यङ्ग ३ महापात्रले शासन चलाइरहेको बेलामा छाप्रो जस्तो मात्र रहेको कुम्भेश्वर महादेवको मन्दिरलाई पाद्‌गेसिंह ठाउँमा बस्ने गणवर्माका छोरा जयभीमले ज्वरोरोग रोगले ओछ्यानमा मूर्छा परेकी आफ्नी पत्नीलाई बचाउन कुम्भेश्वर मन्दिर बनाउँछु भनी भाकल गरेका थिए । जयभीमकी पत्नी बचिनन् तापनि आफ्नो भाकल पूरा गर्न आफ्नी अर्की पत्नी अभयलक्ष्मी, भाई जयतेजको अनुमति लिई जयभीमले तोरणसहितको राम्रो देव मन्दिर बनाउन लाए, चारैतिर पर्खाल

---


१ धनवज्र वज्राचार्य २०६८ : १८५-१८८।

२ हिमवत्खण्ड २०७१ : ४९३ ।

३ हेमराज शाक्य २०१८ : ८-९ ।

४ हेमराज शाक्य २०१८ : ९-१० ।







Photos: Jurgen Schick, 1985 A.D.

बनाउन लाए, चतुर्मुख सुनको कोश, गजबको ढि:किणी बनाउन लगाई महादेवलाई चढाए । मन्दिरमा सुनको गजुर चढाए ।[५]

नेपाली छानेशैलीको ५ तले कुम्भेश्वरको मन्दिर ५३।२ हात अग्लो छ ।[६] वि.सं. १९९० मा भूकम्पमा ५ तला भत्किएकोले श्री ३ जुद्ध शमशेरले जगैदेखि मन्दिरको पुनर्निर्माण गरेका थिए ।[७] पुरातत्त्व विभागद्वारा वि.सं. २०७२ को भूकम्पबाट आंशिक क्षति[८] कुम्भेश्वर मन्दिरको जीर्णोद्धार कार्य भइरहेको छ ।

---

५ धनवज्र वज्राचार्य २०६८ : १३, ३२-३३।

६ गौतमवज्र वज्राचार्य २०३३ : २७३।

७ देवमाला वंशावली २०१३ : ३२।


८ पुरातत्त्व विभाग २०७५ : २८ ।

## २.१० मीननाथ मन्दिर

ललितपुर दरबारबाट दक्षिण मच्छिन्द्रनाथबाट पूर्व र टंग:हिटीको पृष्ठभूमिमा बालार्चनदेवद्वारा स्थापित पश्चिमाभिमुख मीननाथको मन्दिर छ । मीननाथलाई गोरखनाथको गुरु मानिन्छ । मीननाथको मन्दिरलाई ज्येष्ठवर्ण महाविहार, चाक्बहा, टंग:बहा:, तनिग्लमहाविहार भनिन्छ । मीननाथलाई, जटाधारी लोकेश्वर, धर्मराज, जन्मराज, चाकाम द्य: रूपमा समेत पुज्दछन् ।


> **खिमयेलमा मीननाथ विराजमान छन् । नाना भाँतीका बुद्धगण र शाक्य मुनिहरूका साथमा देवताहरू मीननाथको पूजा गरिरहन्छन् । विशाल मन्दिरमा देदीप्यमान सुनौला कलश छ । उत्तम सकल अङ्गप्रत्यङ्गमा भाँती भाँतीका भूषणहरू छन् । चम्किलो जवापुष्पको जस्तो शरीरको कान्ति छ ।।१४।।**

यस मन्दिरको प्रवेशद्वारमा यमदूतहरू राखिएका छन् । गर्भगृहको रक्त वर्णका मूल देवता मीननाथका शिरमा विभिन्न रत्न आदिले जडित मुकुटसहित सुनलेपित रजतका केतकी (किकिण) रजत पद्म, गलामा कण्ठी, तायो, तीख, जन्तर, हृदयभूषण र चन्द्रहार, कानमा कुण्डल, हात/खुट्टामा अनेक बुट्टा भएका बाजू र कल्ली आदि आभूषण र वस्त्रले सुसज्जित मीननाथ (श्रीजटाधारी लोकेश्वर) चाँदीको छत्र ओढी खटमा विराजमान छन् ।[१] पुरानो मूर्ति अङ्गभंग भएको हुँदा ललितपुरका राजा श्रीनिवास मल्लको पालामा ने.सं. ७७९ (वि.सं. १७१६)मा अष्टधातुबाट निर्मित प्रतिमाको प्रतिष्ठा गरिएको थियो । माथिल्लो छानामा गजुरसहित स्वर्णलेपित र तल्लो छानामा सादा ताम्रपत्र छाइएको छ । मीननाथको प्रांगणमा एउटा पेटीमाथि चारैदिशामा कलात्मक तोरणसहितका ढोकाहरू छन् । मीननाथ देवलको परिसरमा आगमघर (वसुन्धरादेवी), प्राचीन चैत्यहरू, यमलोकद्वार, महांकाल धर्मधातु मण्डल, ईनार, क्षेत्रपाल, अग्निकुण्ड, शिलापत्रहरू आदि छन् । मच्छिन्द्रनाथको रथसँगै मीननाथको रथयात्रा गर्ने प्रचलन रहिआएको छ ।



तस्बिरः काठमाडौं उपत्यका संरक्षण कोष

१ रञ्जना वज्राचार्य २०६० : ७ ।



## २.११ मणिमण्डप

केशवनारायणचोक दरबारको उत्तर, भीमसेन एवं विश्वनाथ मन्दिरको पूर्व र मंगलहिटीको पश्चिम मणिमण्डप अवस्थित छ । अर्थात् मंगलहिटीको मूलद्वारको दायाँ र बायाँ रहेका पाटीलाई नै मणिमण्डप भनिन्छ । मणि मडपलाई साहुपाटी नामले समेत चिनिन्छ । यसभित्र २ वटा वर्गाकृत सोह्रखुट्टे पाटी छन् ।

> **श्रीयुक्त मणिमण्डपमा देदीप्यमान छ । कलापूर्ण झ्याल छन् । उज्याला नाना प्रकारका कृत्रिम कठपुतली, छानाहरू पनि सुन्दर छन् । समय समयमा नाच हेर्ने मान्छे र नटहरूले रमाइलो मणिमण्डप झन् रमाइलो हुन्छ ॥८६॥**[१]

१ कुनु शर्माको कीर्तिपताका, २०१८ : २४ ।

मडिमण्डपका २ पाटीमध्ये उत्तरको पाटीमा ने.सं. ८२१ (वि.सं. १७५८) चैत्रशुक्ल षष्ठीमा राजा योगनरेन्द्र मल्लले भैरवको मूर्ति स्थापना गरी राखिएको अभिलेख छ । यस अभिलेख अनुसार पहिलेको मडिमण्डप जीर्ण भई नयाँ बनाउन लगाएको बेहोरा उल्लेख छ ।

काठमाडौँ उपत्यका संरक्षण कोष (KVPT) द्वारा वि.सं. २०७२ को भूकम्पबाट पूर्णरूपमा क्षतिग्रस्त मणिमण्डपको पुनर्निर्माणकार्य सम्पन्न भएको छ ।[२]

२ काठमाडौँ भ्याली प्रिजर्भेसन ट्रष्ट २०२० : ३०-३१।


## ३.महाविहार

## ३.१ रुद्रवर्ण महाविहार

रुद्रवर्ण महाविहारलाई मयूरवर्ण महाविहार, उकुबहा नामले पनि चिनिन्छ। शिवदेवले स्थापना गरेको यस विहारलाई ४ सय वर्षपछिका राजा रुद्रदेवले जीर्णोद्धार गरेपछि यसको नाम शिवदेवसंस्कारित रुद्रवर्ण महाविहार भन्न थालियो । महाविहारको शिरोभागको स्वर्णलेपित छानामाथि १५ स्वर्ण चैत्यहरू स्थापना गरिएका छन् । तल्लो छानामा ५ वटा चैत्य र ५ चैत्य मुनि बीचमा १ चैत्य छ। दुवै छानाको बीचमा प्रत्येकमा बौद्ध मूर्तिसहितका झ्यालहरू छन् । महाविहारको दायाँबाया धातुका कलात्मक मयूँर छन् । गर्भगृहमा क्वापा द्यः (शाक्यमुनि बुद्ध) छन्। काठबाट निर्मित मूल देवता मूर्ति अत्यन्त जीर्ण अवस्थामा छ, मूल देवता अगाडि सानो शाक्यमुनि बुद्ध मूर्ति छ। यस गर्भगृह अर्थात् महाविहारको मूल अङ्ग शिरोभागदेखि नै क्षतिग्रस्त बनेको छ । उत्तराभिमुख यस महाविहारको प्रवेशद्वारको भित्री कक्षमा सालभञ्जिका मुद्रामा रहेका ३ वटा कलात्मक टुँडालहरू प्राचीन महत्त्वका छन् । चोकमा लिच्छविकालिक सहित मध्यकालका चैत्य छन् । चोकको दक्षिण कुनामा श्री ३ चन्द्र शमशेरको पूर्णकदको शालिक (धातु) छ। यस महाविहारका ३० वटा शाखा विहारहरू छन् ।

वि.सं. २०३८ मा यस महाविहारको जीर्णोद्धार भई श्री ५ वीरेन्द्रवीरविक्रम शाहबाट समुद्घाटन यसै विहारमा टाँसिएको शिलापत्रमा उल्लिखित छ। वि.सं. २०७२ को भूकम्पबाट यस महाविहारका गर्भगृहको मूल भागसहित क्षतिग्रस्त भएकोमा उत्तर, दक्षिण र पूर्वतर्फका भागहरू जीर्णोद्धार भइसकेका छन् ।






## ३.२ हिरण्यवर्ण महाविहार

श्रीभास्करदेवसंस्कारित हिरण्यवर्ण महाविहारलाई क्वाबहाल, सुवर्णमहाविहार पनि भनिन्छ । यस महाविहारको भूइँतलाको गन्धकुटीमा प्रमुख देवता शाक्यमुनि बुद्ध विराजमान छन् । शाक्यमुनि बुद्धको प्रतिमा अष्टधातुबाट निर्मित भएको छ । यहाँका मूल देवता काठमाडौँको विशालनगरबाट ल्याएर रानी पिंगलादेवीले प्रतिस्थापना गरेको जनविश्वास छ । हिरण्यवर्ण महाविहारका मूल पूजारी बाफचा (६ देखि १२ वर्ष सम्मका यस महाविहारमा चूडाकर्म गरेका) हुन्छन् । एक महिनाको लागि महाविहारको सर्वसंघ सदस्यहरूको पालामा मूल पूजारी (बालक) र यस मूल पूजारीको सहायकका रूपमा महाविहारको यम्बा संघका सदस्यहरू रहने प्रचलन छ । यस विहारको उत्तरदिशामा प्रथम तलामा अमोघपाश लोकेश्वर प्रमुख देवता रहेको तिब्बती शैलीको गुम्बा छ । उत्तरपूर्व दिशामा रहेको पूजा कक्षमा मञ्जुश्रीआर्यनामसंगीति छन् । विहारको संरक्षकको रूपमा पूर्वदिशाको भूइँ तलामा महांकाल देवता स्थापत्य छन् । यस महाविहारका ने.सं. ५२९ (वि.सं. १४६५) माघकृष्ण नवमीमा हिरण्यवर्ण महाविहारको आँगनको बीचमा रहेको श्रीश्रीचैत्य भट्टारकको मन्दिरमा मंगराम थवर र उनकी धर्मपत्नी जयलक्ष्मी भरीले सुनको सामग्री चढाएका थिए ।[१] यस महाविहारका १८ वटा शाखा विहारहरू छन् ।

---

१ धनवज्र वज्राचार्य २०६८ : २२६।







## ४. हिटी

### ४.१ मङ्गलहिटी

मणिमण्डप र मणिचैत्यको बीचमा मङ्गलहिटी अवस्थित छ । मङ्गलहिटीलाई बोलीचालीमा मंगहिटी, मणिधारा भन्ने गरिन्छ । मणिधारा अभिलेखसहित पाइएको ललितपुर भेककै सर्वप्राचीन ढुंगेधारा हो । लिच्छवि राजा मानदेवका छोरीका छोरा भारविले आफ्ना आमाबाबुको पुण्य बढोस् भनी मङ्गलहिटीको स्थापना गरेका थिए ।[१] पश्चिमाभिमुख यहाँ ३ वटा ढुंगेधाराहरू रहेका छन् । बीचको धारालाई हि हिटी (रगत धारा), दायाँलाई दूधधारा र बायाँलाई वासः (औषधि धारा) भनिन्छ ।[२]

मङ्गलहटीभित्र लिच्छविकालका तीन अभिलेख प्राप्त भएका छन्- १. संवत् ४९२ तदनुसार वि.सं. ६२७ को भारविको अभिलेख, २. संवत् नखुलेको अंशुवर्माको अभिलेख ३. टुटेधारा अभिलेख । यस हिटीको उत्तर टुटेधाराको मुनि भारविको अभिलेख र बीच प्रांगणमा रहेको जरुमुनि अंशुवर्माको अभिलेख पुरिएको अवस्थामा छन् ।

३ वटा टुटेधारामुनि भगीरथका तीन मूर्ति छन् । ३ वटै धारामाथि मूर्तिसहितका कलात्मक खोपी (सानो मन्दिर) निर्माण गरिएका छन् । बीचको धारामाथि सुखावती लोकेश्वर छन् । दायाँबायाँका दुवै मूर्ति चोरिइसकेकाले खोपी खाली छन् । खोपीका शैली तथा मूर्तिको बनौट हेर्दा मल्लकालिक देखिन्छन् । यस परिसरभित्र चन्द्रसूर्यसहितको जलद्रोणी छ । जलद्रोणीको माथि दायाँभाग खण्डित प्रस्तरमा स-साना तीन सुन्दर मूर्ति कुँदिएका छन् । धाराबाट पानी खस्ने भागमा आकर्षक जलद्रोणी राखिएका छन् । टुटेधाराको अघिल्तिर मध्यभागमा कलात्मक प्रस्तरको थाम छ । वर्गाकार स्वरूपको यस धारामा तीन तहको पेटी छ ।

मङ्गलहिटीको जल धार्मिक रूपले पवित्र मानिन्छ । यस धाराको जल कृष्ण मन्दिर, भीमसेन मन्दिर, देगुतले मन्दिरमा चढाउने र कार्तिक नाचका बेला हिरण्यकश्यपुलाई छर्किने परम्परा छ । अरू बेला स्थानीयले दैनिक उपभोग गर्दैआएका छन् ।

धाराको वास्तुकला राम्रो अवस्थामा छ । विद्यमान संरचना हेर्दा विभिन्न कालखण्डमा यो धाराको जीर्णोद्धार भएको पाइन्छ । वि.सं. २०१५ मा यस धाराको जीर्णोद्धार गरिएको थियो । यस धाराको संरक्षण पुरातत्त्व विभाग, ललितपुर महानगरपालिका र स्थानीय जनसमुदायको सहकार्यमा हुँदैआएको छ । वर्षायाममा बाहेक अरू बेला ३ वटै धाराहरूबाट जल प्रवाह हुँदैन ।

---

१ धनवज्र वज्राचार्य २०६८ : २०९ ।

२ रास जोशी २०६५ : १२-१३ ।



### ४.२ कुम्भेश्वरहिटी

मिसाहिटीको पश्चिममा २२९ वर्गमिटर फैलिएको कुम्भेश्वरहिटी छ । कुम्भेश्वरहिटीलाई कोन्तिहिटी पनि भनिन्छ । अन्य हिटीका अनुपातमा कुम्भेश्वरहिटी ठूलो छ । यहाँ ३ वटा समान आकारका उत्तरबाट दक्षिण फर्किएका, ३ वटा (बीचमा ठूलो र पश्चिमउत्तर कुनामा २ वटा साना) पश्चिमबाट पूर्व फर्किएका गरी कुल ६ वटा मकराकृति टुटेधारा छन् । उत्तरतिरको बीचधाराको माथि खोपीमा शेषनागसहित श्रीकृष्णको मूर्ति र धाराको मुनि बसेका भगीरथ र त्यसमुनि दायाँ बायाँ फर्किएर अभिषेक गरिहेका जोडी हात्ती छन् । बीचको दायाँबायाँका धाराको माथिको खोपीमा क्रमशः सुखासनमा लक्ष्मीनारायण र स्थानक लक्ष्मीनारायणका मूर्ति छन् । दुवै धारामुनि भगीरथका मूर्ति छन् । पश्चिमी पर्खालको मध्यभागमा हिटीमाथिको खोपीमा दायाँ हात र खुट्टा क्रमशः भूस्पर्श मुद्रामा र खुट्टा तल झारेको बायाँ हात र खुट्टा क्रमशः घुँडामुनिबाट कमलको बोट समाएको र पद्मासनझैँ आकाशतिर फर्किएको छ । पश्चिमोत्तर कुनाका दुई धारा बीचमा बलरामको मूर्ति छ । बलराम मूर्तिको दायाँबायाँका धाराका खोपीमा क्रमशः सूर्य (भग्न) र स्थानक उमामहेश्वरका मूर्ति छन् । यस हिटीसम्बद्ध ३ वटा गुठी छन्- नाय्ग भाजु गुठी, उजेल तण्डुकार गुठी, रामकृष्ण तण्डुकार गुठी । उपर्युक्त गुठीहरूले यञ्जा पूर्णिमाको दिन यहाँ पूजा गर्ने परम्परा छ । कुम्भेश्वरहिटी मूर्तिकलाको दृष्टिकोणले पनि महत्त्वपूर्ण छ । मण्डलाकार स्वरूपको धाराको बीच प्रागंणनेर एउटै प्रस्तर फलक निर्मित चार नारायणको मूर्ति छ । यस हिटीको भित्री पर्खालमा सूर्य, उमामहेश्वर, मृत्युञ्जय, लक्ष्मीनारायण, पद्मपाणीलोकेश्वर, सरस्वती, श्रीकृष्णका मूर्तिहरू छन् । वि.सं. २०१५ फाल्गुन महिनामा श्री ५ महेन्द्रवीरविक्रम शाहबाट कुम्भेश्वर धारा बनाई कम्पाउण्डको पर्खाल





समेत पुनर्निर्माण गरेको यस हिटीको उत्तरमा राखिएको अभिलेखबाट थाहा हुन जान्छ । वर्षायाममा ३/४ महिना स्वतः धाराहरूबाट पानी बग्छ । अरु समयका लागि दक्षिणपश्चिम कोणमा ठूला ट्याङ्की राखी कृत्रिम पानीको व्यवस्था गरिएको छ ।





## ४.३ मिसाहिटी

कुम्भेश्वर मन्दिर परिसरको पश्चिमी पर्खालसँगै जोडिएको छ- मिसाहिटी। नेवारी भाषामा मिसाको अर्थ महिला हुन्छ। अर्थात् यसलाई महिलाहरूले मात्र प्रयोग गर्ने धारा भनिन्छ। स्थानीयहरूका अनुसार सन्तान नभएका मिश्र थरका ब्राह्मणले केही छोडेर जानका लागि कुम्भेवर देवतालाई खुशी पार्न धाराको निर्माण गरेका थिए। यहाँ ५ वटा उत्तरबाट दक्षिण फर्किएका र २ वटा पूर्वबाट पश्चिम फर्किएका गरी ७ वटा धारा छन्। पूर्वदक्षिण कुनामा सानो कुण्ड छ। ५ वटा धारामध्ये उत्तरतर्फका बीच धाराको मुनि जोडी भगीरथका मूर्ति छन् भने धारामाथिको देवताको खोपा असन्तुलित भएको हुँदा मूर्ति चोरिएको हो कि भन्ने सहजै आशंका उब्जिन्छ। दायाँ बायाँका धाराहरूमा कुनै मूर्तिहरू छैनन्। पूर्वतर्फका दुई धारामामध्ये दायाँ धाराको मुनि भगीरथको मूर्ति र बायाँ धाराको माथि विष्णुको मूर्ति छ। राजा जगज्योतिर मल्लको राज्यकाल ने.सं. ५३० (वि.सं. १४६७) मा मनिगल उत्तर विहार बस्ने सुर्वणकार जसराज ब्रह्म र उनका पत्नीद्वय मयलक्ष्मी भरी, जातन...भरीले यस ढुंगेधाराको जीर्णोद्धार गरी ढुंगे चैत्यभट्टारक बनाई प्रतिष्ठा गरेका थिए।[१] ढुंगेधाराको बीच प्रांगणमा लिच्छविकालिक शैलीको चैत्य छ। यस मिसाहिटीमा भएका टुटेधाराहरूको विद्यमान अवस्थितिले यो धारा धेरै पुरिएको देखिन्छ। धाराको मौलिकता नाश भइसकेको छ। आधुनिक निर्माण सामग्री प्रयोगले धाराको वास्तुसंरचना तथा चैत्यको तल्लो भागको प्राचीन सौन्दर्य हराइसकेको छ। वर्षायाममा पूर्वतर्फको एउटा धाराबाट पानी बग्दछ भने अन्य ६ वटा धाराहरूको मूलस्रोत प्रणालीसँग सम्पर्क टुटिसकेको देखिन्छ।

१ धनवज्र वज्राचार्य २०५६ : २२९-२३०।




## ४.४ टँग:हिटी

पाटन दरबारबाट लगनखेल सडकको बायाँतिर, प्रसिद्ध मीननाथको मन्दिरअगाडि मण्डलाकार पश्चिमाभिमुख प्राचीन टँग:हिटी पर्दछ। यसधारा प्रांगणभित्र खुड्किलाको दायाँबायाँ सनदस्वरूपका जयदेव द्वितीयका २ वटा लिच्छविकालिक अभिलेख छन्- १. संवत् १४८ (वि.सं. ७८१) पौषशुक्ल तृतीयाको अभिलेख, २. संवत् मेटिइसकेको जयदेवको अभिलेख । राजाको नाम (जयदेव) मेटिइसकेको दूतक युवराज विजयदेव रहेको संवत् १४८ (७८१) को अभिलेखमा यूपग्रामद्रङ्गमा वनदुर्ग (किल्ला) रहेको र कुलोसम्बद्ध मुद्दामामिला उठ्दा राजदरबारले नै छानबिन गरी छिन्ने गरिएको बेहोरा उत्कीर्ण छ ।[१] यहाँ पानी बग्ने ३ वटा टुटेधारा छन् । तीनै टुटेधारामाथि कलात्मक खोपीहरू र बीचमा सप्तफणायुक्त नागले शिर शोभित भएका चतुर्बाहु विष्णुको पद्मासनयुक्त मूर्ति र दायाँबायाँ सुखासनमा लक्ष्मीनारायणका मूर्तिहरू छन् । टुटेधारा र जमिनको बीचको दुरि अत्यन्त कम भएको हुँदा यो ढुंगेधारा केही पुरिएको स्वत: अनुमान हुन्छ । यस हिटीको उत्तर र दक्षिणी प्रांगणमाथि दुवैतर्फ ४/४ वटा लिच्छविकालिक चैत्य छन् । यहाँ भएका तीन वटा धारामध्ये बीचको धाराबाट नित्यरूपमा मीननाथको मुख धुने र पुजारीले स्नान गर्ने परम्परा रहेको छ । अहिले टुटेधाराबाट पानी बग्न बन्द भएपछि यहाँ आउने पानीको मूलस्रोत लगनखेल ईनार (मिडाट अस्पताल पछाडिको) बाट पानी ल्याई नित्यकर्म गरिँदै आएको छ । यस हिटीभित्र दक्षिणतर्फ चारनारायण, शिवलिंग, स्थानक अष्टबाहु विष्णु, तान्त्रिक देवीदेवता, लोकेश्वर, स्थानक चतुर्बाहु विष्णु, भक्त शिलाफलकसहित कलात्मक मूर्तिहरू छन् । प्राकृतिक पानीको स्रोत बन्द भएपछि धार्मिक कार्यका लागि भए पनि कृत्रिम पानीको व्यवस्थापनका लागि ट्याङ्की राखिएको छ । ललितपुर महानगरपालिका अनुसार वि.सं. २०५८ यस हिटीको जीर्णोद्धार गरिएको थियो । टुटेधाराबाट जलप्रवाह नभए पनि मुन्तिर आकाशको पानीले निकास रोकिँदा जलमग्न देखिन्छ ।

१ धनवज्र वज्राचार्य २०५३ : ५४३-५४६, ५८०-५८१ ।

## ४.५ च्यासलहिटी

च्यासलटोलमा प्रसिद्ध च्यासलहिटी छ । प्राचीन यस धाराको शिरोभागमा गणेश देवलसँगै लिच्छवि राजा नरेन्द्रदेवको संवत् ९५ (वि.सं. ७२८) को अभिलेख छ । च्यासलटोलग्रामको कुनै टोलमा चाटभटले पस्न नपाउने र स्थानीय जनतालाई मालपोत माफी गरिदिएको बेहोरा भद्राधिवासबाट जारी गरिएको अभिलेखमा छ । धारापरिसरभित्र राखिएको ने.सं. ७३१ (वि.सं. १७१०) चैत्रकृष्ण चतुर्थीको शिलापत्र उल्लेख भएको बेहोरा अनुसार चौध जना गुठीयारले श्रीबुंग संक्रान्ति गुठी मार्फत पानीको लागि कुलो बनाएका थिए । धानेखेलबाट पानीको निकास खोलिएको थियो ।[१] यस धाराको पूर्वी शिरानमा संवत् ९५ (वि.सं. ७२८) पौषशुक्ल दशमीको नरेन्द्रदेवको शिलापत्र रहेको छ । यस हिटी परिसरभित्र ने.सं. ८२६ (वि.सं. १७६३) आषाढशुक्ल पञ्चमी र ने.सं. ८२८ (वि.सं. १७६५) भाद्रशुक्ल द्वादशीका दुई वटा शिलापत्र समेत रहेका छन् । अरू हिटीमा अनुपातमा च्यासलहिटी ठूलो छ । दक्षिणमा प्रवेशद्वार रहेको यस हिटीका उत्तरमा दक्षिणाभिमुख ३ वटा, पश्चिममा ३ वटा पूर्वाभिमुख र १ (अरु टुटेधाराभन्दा तल) दक्षिणाभिमुख गरी ७ वटा टुटेधारा छन् । पश्चिमतिर हिटीको वास्तुकला नासिसकेको छ, टुटेधाराहरू राखिएका अनुपात अस्वाभाविक छ । उत्तरतिरका मकराकृति ३ वटै टुटेधाराका मुनि भगीरथ भए पनि माथिपट्टि बीचमा मात्र कलात्मक खोपी भएको र खोपीका देवता चोरिइसकेका छन् । खोपीभन्दा माथि सिमेन्टेड स्तम्भ बनाई हंसवाहिनी सरस्वतीको ठूलो रङ्गीन मूर्ति राखिएको छ । हिटीको पूर्वी भागमा प्रस्तरका प्राचीन मूर्तिहरू रहेका छन्- उमामहेश्वर, लक्ष्मी-गरुडसहित श्रीधरविष्णु, लक्ष्मी-गरुडसहित श्रीधरविष्णु, मञ्जुश्री, लोकेश्वर, चुतुर्मुखी शिवलिङ्ग, ने. सं. ८५८ (वि.सं. १७९४)






माघशुक्लको शिलापत्र, जोडी घोडामा पद्मासनमा सवार सूर्य, उमामहेश्वर (शिरोभाग टुक्रिएको) आदि छन् । लिच्छविकालिक चैत्य च्यासलहिटी व्यजनकार (चेपे) समुदायसँग सम्बद्ध छ । पानीको मूलस्रोत सुक्नाले, मनलाग्दो निर्माण प्रणालीले यस हिटीले विस्तारै आफ्नो अस्तित्व हराउँदै गएको छ । सडकको सम्मुखमा हुनुले पनि हिटीको पर्यावरण ह्रासोन्मुख छ । यस हिटीलाई आवरणपृष्ठमा परम्परागत देखिने गरी ललितपुर महानगरपालिकाको कार्यालयले आधुनिक सामग्री तथा प्रविधि अनुरूप जीर्णोद्धार गरिरहेको छ ।

१ धनवज्र वज्राचार्य २०५६ : ४६-४७ ।



## ४.६ नारायणहिटी

च्यासलहिटीबाट दक्षिण (सडकपारि) क्वयूलछी टेलमा प्रसिद्ध नारायणहिटी छ । नारायणहिटीमा लिच्छवि राजा जयदेवको संवत् १३७ (वि.सं. ७८०) ज्येष्ठशुक्ल पञ्चमीको अभिलेख छ । चारकिल्ला एवं प्रासादमण्डलभित्रको कोट्ट (किल्ला) सम्बद्ध यस अभिलेखमा **दशमी गोष्ठी** (नारायणदेवकुलसँग सम्बद्ध), **इन्द्रगोष्ठी**, **उमातीर्थ** र **पुष्पवाटिकाविहार**को उल्लेख छ ।[१] नारायणहिटी अवाले (कुमा) समुदाय सम्बद्ध छ । वि.सं. २०३७ मा जीर्णोद्धार गरिएको कुरा हिटी परिसरमा राखिएको शिलापत्रमा उल्लिखित छ । एक तहको पेटी राखिएको, पूर्वतर्फका दुई किनारामा २ वटा धाराभित्र झर्ने मार्ग छन् ।






यस हिटीका बीचमा नागसहित हलो समाएका बलरामको प्राचीन मूर्ति छ । बलरामका दायाँ बायाँ मकराकृति टुटेधारा छन् । बायाँ धाराको नगीचैमा साधारण टुटेधारा छ । धाराको दक्षिणमा गजलक्ष्मीको प्राचीन मूर्ति, प्राचीन शिवलिङ्ग र मूर्ति हराइसकेको पादपीठ छ । पश्चिम कुनामा आधुनिक इनार छ । धाराको पश्चिममा धाराको पेटीभागसम्म अग्लो बनाई बुद्धको नयाँ मूर्ति राखिएको छ । दुवैतिरका टुटेधारामाथि कुनामा ठूला पानीट्याङ्की राखिएका छन् । धाराको प्राचीन पहिचान घट्न गई आधुनिक प्रविधिको प्रयोगको मात्रा बढ्दो छ । पानीको मूलस्रोत सुक्नाले, मनलाग्दो निर्माण प्रणालीले यस हिटीको मौलिक साख विस्तारै गुम्दै गएको छ ।

---

१ धनवज्र वज्राचार्य २०५३ : ५४३-५४६, ५४३-५४६ ।


बलराम

## ४.७ सुनधारा

पाटन दरबारबाट पूर्वतर्फ रुद्रवर्ण महाविहार नपुग्दै सडकको बायाँपट्टि सुनधारा छ । स्थानीयहरू पाटन सुनधारालाई लुँहिटी र नुग: हिटी भन्दछन् । नेवारी शब्द लुँहिटीको अर्थ सुनको धारा भन्ने हुन्छ । सुनधारामा संवत् ३४ तदनुसार वि.सं. ६६७ को अभिलेख छ । यस अभिलेखबाट लिच्छविकालदेखि नै नेपाली तले छानेशैलीका मन्दिरको वास्तुकला थियो भन्ने बुझिन्छ ।[१] ने.सं.८२१ (वि.सं. १७५७) मा राजा श्रीनिवास मल्लका छोरा राजा योगनरेन्द्र मल्लको कोट्याहुति अन्तर्गत पारी राजा सिद्धिनरसिंह मल्लकी छोरी भीमलक्ष्मी, तिनका छोरा चक्रसिंह बाबु र यिनकी पत्नी फिकुनीलक्ष्मी, तिनका चार छोराहरू प्रतापसिंह बाबु, वीरसिंह बाबु, जयभद्रसिंह बाबु, आनन्दसिंह बाबुले नोग्लटोलको सनाथ गुठीको सल्लाह अनुसार धाराको जीर्णोद्धार गरेका थिए । यी चार दाजुभाइले सुनको धारा बनाई दिगवंत आमा फिकुनीलक्ष्मीको नाममा माथिल्लो भागमा सुनको लक्ष्मी मूर्ति राखी प्रतिष्ठा गरेका थिए ।[२] सुनधारा दक्षिणबाट उत्तर फर्किएको छ । सुनधाराका दुई खण्ड छन्- पूर्वमा मकराकृति ३ वटा स्वर्णधारा र पश्चिममा गौमुख १ स्वर्णधारा । गौमुख स्वर्णधाराको एक शिरमा हनूमान्‌को मूर्ति र अर्को शिरमा नरसिंहको मूर्ति भएका २ वटा कलात्मक प्रस्तरस्तम्भभित्र दुवैतिर विष्णुमूर्ति (खोपीसहित) र दुवै विष्णुमूर्तिको बीचको शिरोभागमा गुम्बज भएको प्रस्तरको सानो मन्दिर (खुला) मन्दिर छ । गुम्बजमुनि छाना, छानामुनि दुई थाममाथि छेपु, दुई थामका भित्र हिटीका मूलदेवताको मूर्ति छ । गौमुख धारालाई भगीरथले २ हात र टाउकोले थामिरहेका छन् । खोपीमा कमलपत्र, कमलपत्रमुनि दुई माछा उत्कीर्ण छन् । दुई माछाको





शिवलिङ्ग सहितको गौमुखधारा छ । नरसिंह स्तम्भको दायाँतर्फ चन्द्रमा, विष्णु, सूर्य र कुनामा चापिएको अवस्थामा लिच्छविकालिक अभिलेख छ । हनूमान्‌स्तम्भको बायाँतर्फ विष्णुको मूर्ति छ । पूर्वमा मकराकृति ३ तीन स्वर्णधाराका मुनि भगीरथ, माथि खोपीमा देवता स्थापना गरिएका छन् । पानीका मूलहरू सुक्नु र ढुंगेधाराको अगाडिबाट सडक गएको हुँदा सुनधाराको पर्यावणीय स्थिति निकै संवेदनशील अवस्थामा पुगेको छ ।

१ धनवज्र वज्राचार्य २०५६ : ३३९-३४० ।

२ धनवज्र वज्राचार्य २०५६ : ३२६-३२७ ।

## सन्दर्भ सामग्री


अभिलेख-संग्रह २०२०
= वि.सं. २०३० मा काठमाडौँबाट संशोधन मण्डलद्वारा प्रकाशित **अभिलेख-संग्रह** ।

ईश्वरमान सिन्या श्रेष्ठ २०४६
= वि.सं. २०४६ मा काठमाडौँबाट पुरातत्त्व विभागद्वारा प्रकाशित, **प्राचीन नेपाल**, ११०-११२ पूर्णाङ्क, ४७-५५ पृष्ठमा छाएिको *ललितपुर दरबार संरक्षित स्मारक क्षेत्रको समस्या र समाधानका उपायहरू* ।

काठमाडौँ उपत्यकाको एक राजवंशवली २०२५
= वि.सं. २०२५ मा काठमाडौँबाट पुरातत्त्व विभागद्वारा, **प्राचीन नेपाल**, ५ पूर्णाङ्क, २-१७ पृष्ठमा छापिएको *काठमाडौँ उपत्यकाको एक राजवंशावली* (सम्पादक बालचन्द्र शर्मा) ।

काठमाडौँ भ्याली प्रिजर्भेसन ट्रष्ट २०२०
= इ.सं. २०२० ललितपुरबाट काठमाडौँ भ्याली प्रिजर्भेसन ट्रष्टद्वारा प्रकाशित **अर्थक्विक् रेस्पोन्स् क्यापिङ्ग ओभर्भ्यू अफ् प्रोजेक्ट्स् पाटन् दर्बार् स्क्वायर् एण्ड् काठ्माडौँ दर्बार् स्क्वायर्** ।

कुनु शर्माको कीर्तिपताका २०१८
= वि.सं. २०१८ मा ललितपुरबाट जगदम्बा प्रकाशनद्वारा प्रकाशित, ने.सं. ७७२ (वि.सं. १७०८) मा लेखिएको, **कुनु शर्माको कीर्तिपताका** (नरहरिनाथद्वारा अनूदित) ।

गल्लीमा फ्याँकिएका कसिंगर २०१८
= वि.सं. २०१८ मा ललितपुरबाट जगदम्बा प्रकाशनद्वारा प्रकाशित, नयराज पन्तको उपोद्धातसहितको, भोलानाथ पौडेल र धनवज्र वज्राचार्यद्वारा सम्पादित **गल्लीमा फ्याँकिएका कसिंगर** ।

गौतमवज्र वज्राचार्य २०३३
= वि.सं. २०३३ मा काठमाडौँबाट नेपाल र एशियाली अध्ययन संस्थान त्रिभुवन विश्वविद्यालयद्वारा प्रकाशित, गौतमवज्र वज्राचार्यको **हनूमान्ढोका राजदरबार** ।

जुजु राज्यप्रकाश मल्लया प्रज्यायस जूगु छुं छुं घटनावली २०५३
= वि.सं. २०५३ मा ललितपुरबाट छत्रबहादुर कायस्थद्वारा प्रकाशित तथा सम्पादित, **नेपाल संस्कृति**, ५ पूर्णाङ्क, १७-२० पृष्ठमा छापिएको *जुजु राज्यप्रकाश मल्लया प्रज्यायस जूगु छुं छुं घटनावली* ।

ज्ञानमणि नेपाल २०६२
= वि.सं. २०६२ मा काठमाडौँबाट मकालु प्रकाशन गृहद्वारा प्रकाशित ज्ञानमणि नेपालको, **नेपालको माध्यमिक कालको इतिहास** ।

तीर्थलाल न:घ: भनी २०४१
= वि.सं. २०४१ मा काठमाडौँबाट पुरातत्त्व विभागद्वारा प्रकाशित, **प्राचीन नेपाल**, ८२ पूर्णाङ्क, ७-१७ पृष्ठमा छाएिको *श्री तलेजु भवानी* ।

त्रिरत्न-सौन्दर्य-गाथा २०१९
= वि.सं. २०१९ मा काठमाडौँबाट नेपाल-सांस्कृतिक-परिषद्द्वारा प्रकाशित, नयराज पन्तको विस्तृत उपोद्धातसहितको, धनवज्र वज्राचायद्वारा सम्पादित पण्डित सुरानन्दको **त्रिरत्नसौन्दर्य-गाथा** ।

दिनेशराज पन्त २०३०
= वि.सं. २०३० मा काठमाडौँबाट संशोधन मण्डलद्वारा प्रकाशित, **पूर्णिमा**, ३० पूर्णाङ्क, १३२-१३५ पृष्ठमा छापिएको दिनेशराज पन्तको *निर्भयदेव, रुद्रदेव, भोजदेव र लक्ष्मीदेवको विषयमा वंशावलीहरूको वर्णन* ।

देवमाला वंशावली २०१३

= वि.सं. २०१३ मा काठमाडौँबाट श्रीपीरमहन्त क्षिप्रानाथ योगिराज गोरक्ष राष्ट्र नेपालसिद्धाचल मृगस्थलीद्वारा प्रकाशित तथा योगी नरहरिनाथद्वारा सम्पादित **देवमाला वंशावली** ।

धनवज्र वज्राचार्य २०२१

= वि.सं. २०२१ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित, **पूर्णिमा**, ३ पूर्णाङ्क, ४६-५१ पृष्ठमा छापिएको धनवज्र वज्राचार्यको *चौकोटदरबार* ।

धनवज्र वज्राचार्य २०५३

= वि.सं. २०५३ मा काठमाडौँबाट नेपाल र एशियाली अनुसन्धान केन्द्र त्रिभुवन विश्वविद्यालयद्वारा प्रकाशित, धनवज्र वज्राचार्यको **लिच्छविकालका अभिलेख** (द्वितीय संस्करण)।

धनवज्र वज्राचार्य २०५६

= वि.सं. २०५६ मा काठमाडौँबाट नेपाल र एशियाली अनुसन्धान केन्द्र त्रिभुवन विश्वविद्यालयद्वारा प्रकाशित, धनवज्र वज्राचार्यको **मध्यकालका अभिलेख** ।

धनवज्र वज्राचार्य २०६४

= वि.सं. २०६४ मा काठमाडौँबाट नेपाल र एशियाली अनुसन्धान केन्द्र त्रिभुवन विश्वविद्यालयद्वारा प्रकाशित, धनवज्र वज्राचार्यको **गोपालराज वंशावलीको ऐतिहासिक विवेचना** ।

धनवज्र वज्राचार्य २०६८

= वि.सं. २०६८ मा काठमाडौँबाट नेपाल र एशियाली अनुसन्धान केन्द्र त्रिभुवन विश्वविद्यालयद्वारा प्रकाशित, **धनवज्र वज्राचार्यको पूर्वमध्यकालका अभिलेख** ।

नयराज पन्त २०४३

= वि.सं. २०४३ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित नयराज पन्तको **लिच्छविसंवत्को निर्णय** ।

पुरातत्त्व विभाग २०६८

= वि.सं. २०६८ मा काठमाडौँबाट पुरातत्त्व विभागद्वारा प्रकाशित **ललितपुर दरबारक्षेत्रका वर्गीकृत स्मारकहरूको विवरण** ।

पुरातत्त्व विभाग २०७५

= वि.सं. २०७५ मा काठमाडौँबाट पुरातत्त्व विभागद्वारा प्रकाशित, **२०७२ सालको भूकम्पबाट क्षति भएका ललितपुर जिल्लाका सम्पदाहरू** ।

बाबुराम आचार्य २०५४

= वि.सं. २०५४ मा काठमाडौँबाट श्रीकृष्ण आचार्यद्वारा प्रकाशित, बाबुराम आचार्यको **नेपालको सांस्कृतिक परम्परा** ।

बाबुराम आचार्य २०६३

= वि.सं. २०६३ मा काठमाडौँबाट श्रीकृष्ण आचार्यद्वारा प्रकाशित, बाबुराम आचार्यको **प्राचीनकालको नेपाल** (द्वितीय संस्करण)।

भाषावंशावली २०२३

= वि.सं. २०२३ मा काठमाडौँबाट पुरातत्त्व विभागद्वारा प्रकाशित **भाषावंशावली** (द्वितीय भाग)।

महेशराज पन्त २०७०

वि.सं. २०७०।८।२ मा ललितपुरबाट राजधानी न्यूज पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, **राजधानी** (दैनिक), ७ पृष्ठमा छापिएको महेशराज पन्तको *नेपालको बनारस भक्तपुर राज्यको राजकाजमा प्रजाको प्रभाव* ।

रञ्जना वज्राचार्य २०६०
=वि.सं. २०६० मा ललितपुरबाट आशारत्न धाख्वाद्वारा प्रकाशित, रञ्जना वज्राचार्यको **जेष्ठवर्ण महाविहार टंग:बाहा, मीननाथ एक अध्ययन** ।

राज्यश्री श्रेष्ठ २०६३
= वि.सं. २०६३ मा मानविकी तथा समाजिकशास्त्र सङ्काय त्रिभुवन विश्वविद्यालयको विद्यावारिधि उपाधिका निमित्त प्रस्तुत, राज्यश्री श्रेष्ठको **काठमाडौं उपत्यकाको मध्यकालीन काष्ठकला (१३ औंदेखि १८ शताब्दी)** (अप्रकाशित शोधप्रबन्ध)।

रास जोशी २०६५
= वि.सं. २०६५ मा ललितपुरबाट थ्याका रिसर्च सेन्टरद्वारा प्रकाशित, रास जोशीको **ललितपुर राजदरबार** ।

शङ्करमान राजवंशी २०२६
= वि.सं. २०२६ मा काठमाडौँबाट पुरातत्त्व विभागद्वारा प्रकाशित, **प्राचीन नेपाल**, ८ पूर्णाङ्क २९-३३ पृष्ठमा छापिएको *ललितपुर मल्ल राजाका ताडपत्र तमसुकहरू* ।

शिवेश शर्मा २०१९
इ.सं. २०१९ मा ललितपुरबाट पाटन संग्रहालय विकास समितिद्वारा प्रकाशित, **जर्नल् अफ् पाटन् म्यूजियम्**, ३ भोलुममा छापिएको शिवेश शर्माको *पाटन सुन्दरी चोकको कलापक्ष* ।

शुक्रसागर श्रेष्ठ २०५३
= वि.सं. २०५३ मा काठमाडौँबाट पुरातत्त्व विभागद्वारा प्रकाशित **प्राचीन नेपाल**, १३१ पूर्णाङ्क, १-१० पृष्ठमा छापिएको शुक्रसागर श्रेष्ठको *तुसाहिटी* ।


सत्यमोहन जोशी २०१७
= वि.सं. २०१७ मा ललितपुरबाट जगदम्बा प्रकाशनद्वारा प्रकाशित, सत्यमोहन जोशीको **नेपाली राष्ट्रिय मुद्रा** ।


हिमवत्खण्ड २०७१
= वि.सं. २०७१ मा काठमाडौँबाट नई प्रकाशनद्वारा प्रकाशित, योगी नरहरिनाथ सहितद्वारा सम्पादित **हिमवत्खण्ड** (द्वितीय संस्करण)।

हेमराज शाक्य २०१८
= वि.सं. २०१८ मा ललितपुरबाट बेखानारायण श्रेष्ठद्वारा प्रकाशित, हेमराज शाक्यको **कुम्भेश्वरको इतिहास** ।

हेमराज शाक्य २०३१
= वि.सं. २०३१ मा ललितपुरबाट मङ्गलबजार बुद्धजयन्ती समारोहद्वारा प्रकाशित, हेमराज शाक्यको **मणिगल राजप्रसाद** ।

हेमराज शाक्य २०४५
= वि.सं. २०४५ मा ललितपुरबाट चक्रराज शाक्यद्वारा प्रकाशित, हेमराज शाक्यको **बोधिमण्डप कूटागार महाबुद्ध-मन्दिर संक्षिप्त-इतिहास** ।






१ परिशिष्ट

*स्रोत: गुठी संस्थान, अभिलेख शाखा, भद्रकाली*

सम्वत् १९६....... माल
.....तर्फबाट....कान्हुदेवल् दुईमाजु चौ.
काविचिस्मेत्. को आम्दानि षर्च कमरस्मेत्
को लगत् किताप ................................

...........................................................

राजगुठी रौहको दानपत्र सिलापत्र तामापत्र लालमोहर बमोजिम्का गुठी जग्गाको षेतकुन्मा ९ साल किनाय ये‌ल ठेक्घरले दियाको लगत् सालसालको लगत् जा... भीडाउनुपर्ने भिडाई ९ साल लालमोहर भंदा षेतकुत बढी देषीयाकोमा सोही कार्य गरी र घटी देषीन आयो भने सोही लालमोहर दानपत्र सिलापत्र तामापत्रमा जति षेत् कुत लेषियाको छ सोहीबमोर्जि र दानपत्र सीलापत्रमा नभयाकोमा ९ सालको कितापबमोजिमको षेतकुत साबिक् मो- हीले कबोल गरे साविक मोहिलाई थामीदी. साविक मोहीले कवोल नगरे नवा मोही बन्दोबस्त गर्नु भंन्या ६ दफा ई जारा अमानत् रहेका गैह्र गुठीको दानपत्र मिलापत्र लालमोहर पंजील्मा दरियाको षेत पाया. येति येतिको कुत यो यो रकमको येति येति भनी ठेकी हाल मोहीको नाउंथर वटंस्मेत लेषीय नामहा षोली दानपत्र मिलापत्र तामापत्र तामापत्र दानपत्र मिलापत्र तामापत्र लालमोहरबमोजिम्को लगत बदर गरि तेमध्ये सदनपत्र भै घटीबढी भयाको देषियो भन्या अमानत् भयाका जतिको ...चोक्मा रहेका स्याहाढपोटमा मीन्हा लेषीयाको देषीयो भन्या सोइ ठेका लाग्याका गुठीको ठेकदार बुझी सनदपत्रले लगत् काटीयाको देषीयो भन्या सोस्मेत दाषील् षारेज गरी कार्य बेकार्य बुजाई छुट्गुठीहरूको सनदहरूको बेहोरास्मेत् लेषी वलागह्राको लगत किताब २ प्रति षडा गरी त- यार भया भयाका कीतापमा निसो सहीछाप गरि १ प्रति गुठी वंदोवस्तबाट १ प्रति .....चोक्मा बुझाउदै गरि भर्पाइ लिनु भंन्या ८ दफा माथि लेषीया वमोजिं रीत पुगी लगत् षडा भयाका गह्रगुठीको कीताव षडा भैसकेपछि गुठी गुठीका लगत्मा जिन्सी असुल हुनेमा षर्चका कितापमा लेषीयाबमोजिं षर्च हुने जिन्सी कट्टी गरी बाकी जिन्सीमा ५८ साल म्यादपछीका दरले दरदाम् गरी ठहरेका रूपैञामा नगदी षर्च मीन्हा दी. बाकी कसर भया नभयाको कीताप् षडा गरी तयार भयाका कितापमा निसो सहीछाप गरी भर्पाइ लिनु भंन्या ९ को दफाको सवाल र षर्चकसरस्मेत् यौतै किताप गर्नु भंन्या ६४ साल कार्तिक १५ गते कागज निसानी सनदका १५ दफामा लेषीयाको र यो गुठीका बंन्दबस्त भयाको भनी गुठी बंन्दोबस्त अडाबाट लेषीदीयाको लालमोहर नदेषीयाको हाल जैसीकोठाबाट उत्रौ आयाका लालमोहरमा जग्गा र षर्च नदेषीयाको पुजाको तैनाथ मात्र लेषीयाको माथी लेषीयाका सत्रा... सनदबमोजिंम कां भै तपसिल्मा लेषीयाको बमोजिम् काम भै आम्दानी षर्च बाकी कसर दुरुस्त छ भनि सहीछाप गने....तर्फ् लगत अडाका हा-
किं षरीदार रामप्रसाद भुडभरि रुपिं बमोजिमं तपसिल्





# स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय

मंगलबजार, ललितपुर

